
# लेखापरीक्षण प्रतिवेदन

# गैडहवा गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गैडहवा गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/547

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही।

## कैफियतसहितको राय

हामीले यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १७ करोड १२ लाख १ हजार ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ४५ लाख ८० हजार, एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु. १० करोड

१९ लाख ८५ हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. ३० लाख समेत गरी रु. २८ करोड ७ लाख ६६ हजार सुत्रमा लेखांकन गरेको छैन ।

२. गैडहवा गाउँपालिकाको रु. १ अर्ब ६१ करोड ३३ लाख ४८ हजार लेखापरीक्षण गरिएकोमा रू. ४ करोड ८२ लाख ५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १ करोड ९ लाख ४८ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु ३ करोड ७२ लाख ५७ रहेकोमा असुल गर्नुपर्ने रू. ३८ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५९ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ५७ लाख २९ हजार र पेस्की बाँकी रु.१६ लाख ४४ हजार रहेको छ। गत वर्षसम्मको बेरुजु रु. १६ करोड १० लाख ५७ हजारमध्ये रु.२ करोड ५८ लाख २० हजार फस्र्यौट भई रु.१३ करोड ५२ लाख ३७ हजार रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड २४ लाख ९४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गैडहवा गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | १३१ | ४,८२,०४,८३९ | १ | ४९ | १,०९,४७,९८४ | ० | ५५ | ८२ | ३,७२,५६,८५५ | ३८,९६,१४१ | २,५७,२८,७५० | ५९,८७,९८७ | ० | ० | ३,१७,१६,७३७ | १६,४३,९७७ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | १६,१०,५६,९९२ | | २,५८,१९,५३२ | १८,६८,७६,५२४ | ० | ३,७२,५६,८५५ | २२,४१,३३,३७९ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ६२ | शिर्षक फरक पारी खर्च | ५,५६,१८८ |
| २ | २०७७/७८ | १०.२ | संगठन तथा कर्मचारी व्यवस्थापन | १२,८७,९६० |
| ३ | २०७७/७८ | ३७.२ | राजस्व व्यवस्थापन | २३,६४३ |
| ४ | २०७८/७९ | ४४ | मातृ तथा नवशिशु कार्यक्रम | ५,५७,००० |
| ५ | २०७८/७९ | ७ | पेश्की वाँकिको विवरण | ५,००,००० |
| ६ | २०७८/७९ | ३५.५ | ठे.नं.०१।०७६।०७७ को प्रशासकिय भवन निर्माण | २७,२४,०८३ |
| ७ | २०७८/७९ | ४३ | समानिकरण अनुदान वाट शिक्षकको तलव भत्ता भुक्तानी | १६,५०,००० |
| ८ | २०७८/७९ | २२.१ र २२.३ | संगठन तथा कर्मचारी व्यवस्थापन | ३६,३७,००० |
| ९ | २०७९/८० | ६९ | दरवन्दि भन्दा बढि कर्मचारी | ४४,९५,३८४ |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७९/८० | ६२ | अन्य कार्यालय खर्च | ४,९४,९४९ |
| ११ | २०७९/८० | ६४ | अनुगमन भत्ता | ६,७२,००० |
| १२ | २०७९/८० | २९ | सिकाई सहजिकरण | ३,९८,३२५ |
| १३ | २०७९/८० | २३ | पालिका वजेटबाट शिक्षकको तलब भत्ता | ८८,२३,००० |
| १४ | २०८०/८१ | ३६ | धरौटी रकम जफत | २,०४,१७५ |
| १५ | २०८०/८१ | ४१ | दोहोरो भत्ता | ७८,७४४ |
| १६ | २०८०/८१ | ८१ | तराई-मधेश समृद्धि कार्यक्रम | ६,५६,८८९ |
| १७ | २०८०/८१ | ६१ | अनुगमन भत्ता | १४,०२५ |
| १८ | २०८०/८१ | ७२.३ | १५ शैया अस्पताल | ८०,००० |
| १९ | २०८०/८१ | ३३.३ | हाटबजारको ठेक्का | २,००,००० |
| २० | २०८०/८१ | ५५ | स्यानिटरी प्याड | ४१,८१० |
| २१ | २०८०/८१ | ७४.२ | सूर्यपुरा बहुमुखी क्याम्पस निर्माण | ९,००,००० |
| २२ | २०८०/८१ | ७० | सामाजिक सुरक्षा | ७,१८२ |
| २३ | २०८०/८१ | २३ | सवारी साधन मर्मत | ० |
| २४ | २०८०/८१ | ३५ | सम्झौता वेगर ठेक्का संचालन | ५५,७५४ |
| २५ | २०८०/८१ | ३८ | संघीय संचितकोषमा फिर्ता | २,३९,८७९ |
| २६ | २०८०/८१ | ४५ | संघीय संचित कोषमा फिर्ता | ४१,५०,८४६ |
| २७ | २०८०/८१ | ३२ | बैंक भेरिफाई नभएको | १,६७,१०५ |
| २८ | २०८०/८१ | ४६ | बढी निकासा | १,८६,७६७ |
| २९ | २०८०/८१ | ३९ | पेश्की | ४,५०,००० |
| ३० | २०८०/८१ | ६९ | पारिश्रमिक कर | ५१,७०४ |
| ३१ | २०८०/८१ | ५० | परम्परागत विद्यालय अनुदान | १३,२५,५०० |
| ३२ | २०८०/८१ | ८० | ह्युम पाइप तथा तारपोल खरिद | २१,३७,६०४ |
| जम्मा | | | | ३,६७,६७,५१६ |

# (८०५४८५०४३०० - गैडहवा गाउँपालिका, रुपन्देही )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-**स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा ९६.७९ वर्ग किलोमिटर क्षेत्रफल तथा ५६१४९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।२८ देखि २०८१।१०।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको आय – व्ययतर्फ गरी जम्मा रु. १ अर्ब ६१ करोड ३३ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं २७० देहाय बमोजिम रहेको छ ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ प्रदेश : लुम्बिनी प्रदेश जिल्ला : रुपन्देही स्थानीय तह : गैडहवा गाउँपालिका रुपन्देही | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय) | | | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब.को कारोबार |
| | | नगद | जम्मा रु. | नगद | जम्मा रु. |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | १२१५९७००३.६७ | १२१५९७००३.६७ | १२४९५०४३८.४५ | १२४९५०४३८.४५ |
| १३००० | अनुदान | ३६२११६११०.८५ | ३६२११६११०.८५ | ३८१०४५०६६.१३ | ३८१०४५०६६.१३ |
| १४००० | अन्य राजस्व | २१९१२३३२.८७ | २१९१२३३२.८७ | ६६१९०१४.०७ | ६६१९०१४.०७ |
| १५००० | विविध प्राप्ति | ४२२९३७.६ | ४२२९३७.६ | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ५०६०४८३८४.९९ | ५०६०४८३८४.९९ | ५१२६१४५१८.६५ | ५१२६१४५१८.६५ |
| ३ | चालु | ३२९३६६२८५.५८ | ३२९३६६२८५.५८ | ३३६३९८१८९.३१ | ३३६३९८१८९.३१ |
| २१००० | पारिश्रमिक / सुविधा | १७७९३४२२६.२४ | १७७९३४२२६.२४ | १५८७३१०८२.३६ | १५८७३१०८२.३६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १०९४८१३८३.२४ | १०९४८१३८३.२४ | १२४४०६१६३.६६ | १२४४०६१६३.६६ |
| २५००० | सहायता (Subsidy) | ३३६३८८५१.१ | ३३६३८८५१.१ | ४९०६६८४ | ४९०६६८४ |
| २६००० | अनुदान | ० | ० | ३९५४१५६०.४५ | ३९५४१५६०.४५ |
| २७००० | सामाजिक सुरक्षा | ७८२२३२५ | ७८२२३२५ | ८८१२६९८.८४ | ८८१२६९८.८४ |
| २८००० | अन्य खर्च | ४८९५०० | ४८९५०० | ० | ० |
| ४ | पूंजीगत | १८६०३३९६४.९ | १८६०३३९६४.९ | १७२०४९४७८ | १७२०४९४७८ |
| ३१११० | भवन तथा संरचना | ५७२९२०२ | ५७२९२०२ | ११३७४१३० | ११३७४१३० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १३७६६६८५ | १३७६६६८५ | १३१७०२०२ | १३१७०२०२ |
| ३११३० | अन्य पूँजीगत खर्च | ३५६५६४९ | ३५६५६४९ | १३८२३४०२ | १३८२३४०२ |
| ३११५० | सार्वजनिक निर्माण | ९७४३४१०८ | ९७४३४१०८ | ८४२४३६६८ | ८४२४३६६८ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ९७५७७१ | ९७५७७१ | २२८७२४८ | २२८७२४८ |
| ३११७० | पूँजीगत सुधार खर्च | ६४२६२६८८.९ | ६४२६२६८८.९ | ४७१५०८२८ | ४७१५०८२८ |
| ३१२२० | मौज्दात सामानहरु | २९९८६१ | २९९८६१ | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ५१५४००२५०.४८ | ५१५४००२५०.४८ | ५०८४४७६६७.३१ | ५०८४४७६६७.३१ |
| ग) | बचत /कमी (ग = क-ख ) | -९३५१८६५.४९ | -९३५१८६५.४९ | ४१६६८५१.३४ | ४१६६८५१.३४ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य<br>कोषको मौज्दातको थप/घट (+/-) | १४०६९५९३.७३ | १४०६९५९३.७३ | -५६१४६६६.२८ | -५६१४६६६.२८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | १०,५४७.५० | १०,५४७.५० | -१२,३२४.३९ | -१२,३२४.३९ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ४७१७७२८.२४ | ४७१७७२८.२४ | -१४४७८१४.९४ | -१४४७८१४.९४ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ५५८३९६९१.३० | ५५८३९६९१.३ | ५७२८७५०६.२४ | ५७२८७५०६.२४ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ६०५५७४१९.५४ | ६०५५७४१९.५४ | ५५८३९६९१.३ | ५५८३९६९१.३ |

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १७१२०१२१०।– ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु, ४५८००००, एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु, १०१९८४७२६ र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम को रु. ३०००००० समेत गरी रु,२८०७६५९३६।– खर्च र सोको बजेट रु, २८३३१४९८४।- को लेखा सुत्रमा समावेश गरेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं | | | | |
|---|---|---|---|---|
| | बजेट शीर्षक | संघ।प्रदेश बजेट | विनियोजन रकम | खर्च रकम |
| १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | संघ | ५०३५००० | ४५८०००० |
| २ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | संघ | ३०००००० | ३०००००० |
| ३ | सामाजिक सुरक्षा तथा संरक्षण | संघ | १७३१६९९८४ | १७१२०१२१० |
| ४ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | संघ | १०२११०००० | १०१९८४७२६ |
| | जम्मा | | २८३३१४९८४ | २८०७६५९३६ |

४ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाबाट पेश भएको सुत्रको मलेप फारम नं २७० को अनुसूची ६.२ अनुसार देहाय अनुसार बैंक मौज्दात रकेको विवरण पेश भएको छ ।

| सि नं | खाताको प्रकार | बैंक अनुसार बाकी रु |
|---|---|---|
| १ | ग २.७ विविध खर्च खाता | ४५०७८३८.४८ |
| २ | ग ३.१ स्थानीय तह धरौटी खाता | २४७७६७६३.३७ |
| ३ | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | २७०८४५६४.९१ |
| ४. | ग ५.१ स्थानीय तह विविध कोष खाता | ३९५८९६१ |
| ५ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५१,४३९.२८ |
| ६ | ग १.१ आन्तरिक राजस्व खाता | १६७३०५ |
| | ग २.१ | १०५४७.५० |
| जम्मा | | ६०५५७४१९.५४ |

## ५ वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरण

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन,२०७६को दफा ५६ र नियमावली, २०७७ को नियम ७३ बमोजिम प्रत्येक कार्यालयले महिना समाप्त भएको सात दिनभित्र खर्चको फाँटवारी , फस्यौट हुन बाँकी पेश्कीको विवरण, राजस्व धरौटीको विवरण, राजस्वको वैँक हिसावको विवरण धरौटी मिलान विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेखसँग रुजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस कार्यालयले सो गरेको पाइएन यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## ६ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- कार्यालयको श्रेष्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी कन्टिजेन्सी खाता राखेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ७ सूचना प्रविधी पद्धति

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- पालिका स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । पालिकाले संकलन केन्द्रबाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुवरीक्षण विधी लागु गरी त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ । यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

८ **सफ्टवेयर खरिद तथा उपयोग**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं ४१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले आ.व.२०७९।८० मा योजना व्यवस्थापन प्रणाली नामको सफ्टवेयर रु. ४९६३००।- मा खरिद गरेको पाइयो। उक्त खरिद गरिएको सफ्टवेयर हाल सम्म योजना शाखामा चालु अवस्थामा रहि आएको पालिकाले जानकारी दिएको छ । यस्तो सफ्टवेयर सम्बन्धित मन्त्रालय/विभागबाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

९ **नीति, योजना तथा कार्यक्रम कार्यान्वयन**

गैडहवागाउँपालिकाको आव २०८०/८१ को नीति तथा कार्यक्रम २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा कार्यक्रममा प्रस्तुत भएका विषयवस्तुहरूमध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । सभामा प्रस्तुत नीति तथा कार्यक्रममा नै उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएकाहरू शिक्षा, स्वास्थ्य, कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वयन नभएका उदाहरणहरु देहाय अनुसार छन :

- गैडहवा गाउँपालिका भित्र बसोबास गर्ने फरुक क्षमता भएका नागरिकहरुलाई कार्यालयबाट उपलब्ध गराउने सेवा तथा सुविधा छिटो छरिटो प्रदान गर्न अपाङ्ग मैत्री विशेष कार्यक्रम संचालन गर्ने,
- नगरप्रहीको कार्यविधि बमोजिम भर्ना गर्ने,
- टोल विकास संस्थाको विधान बनाई सबै टोल विकास संस्था दर्ता गर्ने र टोल विकास संस्थालाई छुट्याईएको रकम समानुपातिक रुपमा वितरण गर्ने,
- घर अगाडिको नाली सफा गर्ने जिम्मेवारी र दायित्व सम्बन्धित घरधनी हुने र सफा नगरे पहिलो पटक रु. २०० जरिवाना गर्ने त्यसपछि एक तिहाई बृद्दी गर्ने,
- कसैले सार्वजनिक सडकमा कुनैपनि किसिमको मालवस्तु , व्यक्तिगत सामान जस्ता सामान राखेमा हटाउन नमाने रु. ५०० जरिवाना तिर्ने,
- सबै वडा र टोल वस्ती घरपरिवारको नाम थर उमेर पेशा व्यवसाय , आर्थिक अवस्था, जग्गा, घर लगायतको तथ्यांक लिई त्यसलाई कम्प्युटरमा इन्ट्री गर्ने,

उल्लेखित नीतिहरु पालिकाले तयार गरे तापनि सो बमोजिम कार्यान्वयन गरेको छैन । यसमा पालिकाले ध्यान दिनु पर्दछ।

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई

बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८०।३।१० मा रु ६३ करोड ८९ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।२५ पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ११ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५२४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ ।

| विबरण | रु १ लाख सम्म | रु १ लाख देखी २ लाख सम्म | रु २ लाख देखी ५ लाख सम्म | रु ५ लाख देखी १० लाख सम्म | रु १० लाख देखी रु ५० लाख सम्म | रु ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| योजना संख्या | ४९ | ७९ | १०८ | ८१ | १९ | ४ | ३३६ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस जम्मा ३३६ वटा योजना संचालन गरेकोमा रु १ लाख भन्दा कम सम्मका ४९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १२ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली ,२०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल बजेट | कुल खर्च | खर्च प्रतिशत | त्रैमासिक खर्च रु. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | असाढ महिना |
| १ | सूत्र तर्फ पूजीगत खर्च तर्फ | २२९७५८. | १८६०३३.९६ | ८०.९७ | ३५३.२ | १२९१३.८ | २६४८२.५ | १४६२८४.४ | १०६७११.४५ |
| २ | CGAS तर्फ पूजीगत खर्च तर्फ | १०५११० | १०४९८४.७२६ | ९९.८८ | ० | ५९६५८.९ | ५५०४.५ | ३९८२१.३ | १९०८७.१ |
| | जम्मा पूजीगत खर्च | ३३४८६८. | २९१०१८.६९ | | ३५३.२ | ७२५७२.८ | ३१९८७. | १८६१०५.७ | १२५७९८.५५ |
| | | | | | ०.१ | २४.९ | ११. | ६३.९ | ४३.२ |

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. २९ करोड १० लाख १८ हजार भएकोमा प्रथम त्रैमासिकमा पुँजीगत खर्च रु, ३ लाख ५३ हजार अर्थात ०.१ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.७ करोड २५ लाख ७२ हजार अर्थात २४.९ प्रतिशत, तेस्रो त्रैमासिकमा रु ३ करोड १९ लाख ८७ हजार अर्थात ११ प्रतिशत, चौथो त्रैमासिकमा रु.१८ करोड ६१ लाख ०५ हजार अर्थात ६३.९ प्रतिशत र असार महिनामा मात्रै रु. १२ करोड ५७ लाख ९८ हजार अर्थात ४३.२ प्रतिशत खर्च भएको देखिन्छ । वर्षान्तको अन्तमा अर्थात असार महिनामा आएर खर्चको

चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

### १३ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र स | मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४५०४०००. | २३९९३९५८.१८ | ६९.५४ |
| २ | पूर्वाधार विकास क्षेत्र | १५८०६३०००. | १२४७६७४६६.९ | ७८.९४ |
| ३ | सामाजिक क्षेत्र | २६२१९३०००. | २२६४९५४३७.५५ | ८६.३९ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन र वातावरण तथा विकास | २९३४२०००. | २३०९००००. | ७८.६९ |
| ५ | अन्य कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १३५६५९०००. | १०७०५३३८७.८५ | ७८.९१ |
| | जम्मा | ६१९७६१०००. | ५०५४००२५०.४८ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ८६.३९ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ६९.५४ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

### १४ वडा सचिवको पदपूर्ति

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भुमिका रहेका वडा सचिवको दरवन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेका छन । रिक्त पदको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ९ | ९ | ७ | २ |

### १५ सेवाप्रवाह विवरण

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | १४४७ |
| मृत्युदर्ता | ४११ |
| बसाईसराई दर्ता | ७६ |
| विवाह दर्ता | ५३१ |
| सम्बन्धविच्छेद दर्ता | २३ |
| | किलोमिटर |
| कालोपत्रे सडक निर्माण | ४५७८ |
| पि सि सि ढलान | २५२० |
| ग्राभेल सडक निर्माण | ९९७५ |

१६ **कानुन निर्माण र कार्यान्वयन**

यसमा निम्न व्यहोरा देखिएका छन्

**निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउने गरी कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको ३३ र यस वर्षको १५१ वटा उजुरी तथा विवाद गरी जम्मा १८४ वटा दर्ता भएकोमा यस वर्ष जम्मा ८१ वटा फछ्र्यौट भएको छ । जसमध्ये १०० वटा उजुरी तथा विवाद फछ्र्यौट हुन बाँकी रहेको पालिकाले जानकारी दिएको छ । दर्ता भएका उजुरीहरु समयमै फछ्र्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति देहाय बमोजिम छन ।

| आ. व . २०८०।८१ को कर असुलीको अवस्था | | | | २०७९।८० को कर असुलीको अवस्था | | |
|---|---|---|---|---|---|---|
| राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस आ.व. को आम्दानी | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी |
| ११३१३ | सम्पती कर | २०, ०० , ०००.०० | ४, ४२ , ४७५.०० | सम्पती कर | १३, ०२ , ५५८.६० | १४, ४० , ४६८.८३ |
| ११३१४ | भुमिकर/मालपोत | ५०, ०० , ०००.०० | ३९, ८५ , ७०९.६० | भुमिकर/मालपोत | ११, ७७ , ९१३.०० | ८, ६८ , ५३६.०० |
| ११३१७ | वहाल कर | १९, ०० , ०००.०० | ५६,२७७.९२ | वहाल कर | ५, ३५ , ५९८.६० | १४, ९५ , ३९३.४२ |
| ११३१८ | वहाल विटौरी कर | ० | ८, १३ , ०९५.०९ | वहाल विटौरी कर | १, ६८ , ५४८.६० | ८,५७४.५५ |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | १६,६००.०० | सवारी साधन कर (साना सवारी) | ५४,६१५.०० | २,२२४.०० |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २००. | अन्य कर | १, ७३ , ७६ , ७६२.६० | २, ४० , ७९ , ८२०.८८ |
| ११६९१ | अन्य कर | ८३, ५० , ०००.०० | १, १० , ८४ , ६२६.९० | अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | १, ३२ , ४८३.०० |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त ब्याज | ० | ० | अन्य सेवा शुल्क तथा बिक्री | १, १६ , ५८ , ५२७.०० | ४,०९६.०० |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | ० | ० | परीक्षा शुल्क | ५०,५८१.०० | ११,८००.०० |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ० | ३८, ८५ , २७१.८० | अन्य प्रशासनिक सेवा शुल्क | २, ०० , ०००.०० | ७, ७८ , ७६६.०० |
| १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | १३, १४ , ८७६.६७ | नक्सापास दस्तुर | ६, ६१ , ७३७.६० | ३, ६८ , २५७.३६ |
| १४२१८ | विद्युत सेवा शुल्क | ० | २००. | सिफारिश दस्तुर | ३५, ७१ , ०९३.०० | २२, ४७ , ३०७.५० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ८३, १८ , ८३२.०० | ३३, ५५ , २८६.३३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५, ७३ , ९२५.०० | ४, १४ , ३२०.०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ३७,१००.०० | न्यायिक दण्ड , जरिवाना र जफत | २८, ५६ , १४०.०० | १२, ९९ , ३४२.०० |
| १४२२४ | परीक्षा शुल्क | १, ०० , ०००.०० | १२,९००.०० | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २, ३५ , १००.०० | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४२४१ | पार्किङ्ग शुल्क | ० | १,०००.०० | | | |
| १४२४२ | नक्सापास दस्तुर | ३, ५०, ०००.०० | २, ०८, ८१८.६२ | | | |
| १४२४३ | सिफारिश दस्तुर | २४, ४०, ०००.०० | १४, ६०, ५४७.०० | | | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०, ००, ०००.०० | ८, ३१, ७००.०० | | | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | १, ९७, ९००.०० | | | |
| १४२४९ | अन्य दस्तुर | ० | १९, ०६, ७८८.०६ | | | |
| १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ९१,२००.०० | | | |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | १००. | | | |
| १४३१२ | प्रशासनिक दण्ड , जरिवाना र जफत | ० | ४, २०, ०३३.०५ | | | |
| १४५२९ | अन्य राजस्व | ८९, ००, ०००.०० | ३४, ५४, ४२९.०० | | | |
| १४६११ | व्यवसाय कर | १६, ००, ०००.०० | ५, ३९, ३७५.०० | | | |
| १५१११ | बेरूजू | ५, ००, ०००.०० | ४, २२, ९३७.६० | | | |
| | | ४, ०४, ५८, ८३२.०० | ३, ४७, ७४, ५४७.६४ | जम्मा | ४, ०१, ८८, ०००.०० | ३, ३१, ५१, ३८९.५४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । साथै यस वर्ष गत आवको तुलनामा कम राजस्व संकलन रहेको देखिन्छ । यसमा पालिकाले राजस्व बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१८ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत शुल्क, सिफारिस दस्तुर, सेवा शुल्क लगायतको शीर्षक बाट अनुमानित रु ४,०४,५८,८३२.०० रकम राजश्व प्रक्षेपण गरेकोमा पालिकाले यस आ व को अन्त्यमा रु ३,४७,७४,५४७.६४ मात्र राजश्व संकलन गरेको देखिन्छ जुन प्रक्षेपण भन्दा १५.५ प्रतिशले कम आय प्राप्त भएको देखिन्छ । पालिकाले अन्य स्रोतहरुको समेत पहिचान गरी आन्तरीक आम्दानी वढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख

राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७६३९४०६८६.८४ | ३४७७४५४७.६४ | ४.६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१ **विभिन्न करहरु**

**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाइयो । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

**मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेशमा प्रवेश शूल्क लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकबाट मनोरञ्जन कर संकलन गरेको छैन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु ९१२०० मात्र कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**विज्ञापन कर**- स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र तोकिए बमोजिम विज्ञापन कर उठाउने उल्लेख छ। कानुनमा उल्लेख भएबमोजिम विज्ञापन कर असुल गर्नुपर्दछ ।

**फोहोरमैला व्यवस्थापनः** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ सफा राखे जिम्मेवारी स्थानिय तहको हुने उल्लेख छ । स्थानिय तहले फोहोरमैला व्यवस्थापनको लागी ल्याण्डफिल साईटको दिर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण गरेको छैन। फोहोरमैला व्यवस्थापन सम्वन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र प्रदुषकले शुल्क तिर्ने अवधारणा लागु गर्नुपर्दछ।

२२ **सम्पति व्यवस्थापन**

**जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

**मालसामानको गुणस्तर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

२३ **सवारी साधन मर्मत**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार दर्ता भएका जम्मा सहकारी संस्थाहरु ३९ वटा रहेका छन । भने सो सहकारी संस्थाहरु COPOMIS मा सुचिकृत भएको विवरण पेश गरेको छैन । साथै पालिकाले सहकारीहरुको अनुगमन गरेको प्रतिवेदन समेत पेश नगरेकोले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२५ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरी गाउँपालिकाले अध्यक्षको तोक आदेशबाट अति गरिव भएको भनि निवेदन पेश गरी औषधी खर्च, काज क्रिया लगायतमा २०००।देखि १००००सम्म वितरण गरी आर्थिक सहायतमा यो वर्ष रु. २२०००००।- वितरण गरेको छ । पालिकाले आर्थिक सहायता वितरण गर्ने कार्यविधि तथा मापदण्ड बेगर गरीवको उपचार खर्च तथा अन्य सहयोगको लगि निवेदनको आधारमा तोक आदेशबाट सहायता वितरण गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २२,००,००० |

२६ **महोत्सव तथा अन्य खर्च**

स्थानीय सरकार संचालन ऐन,२०७४ मा संस्था समुह पर्व जात्रा संस्कृती लागयतका समुहलाई आर्थिक सहायता दिन पाउने कानुनी व्यवस्था छैन । पालिकाले गाउँपालिका अध्यक्ष वडा अध्षक्षको तोक आदेशबाट यस वर्ष विभिन्न पर्व उत्सव, महोत्सव, धर्मिक, सामाजिक सास्कृतिक कार्यमा मापदण्ड वेगर सहयोग दिई रु. ५५१६१५।- खर्च गरेको छ । पालिकाले यस्ता पर्व तथा महोत्सव खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न | चाडपर्व तथा महोत्सव | खर्च रकम | खर्च मध्ये नगद |
|---|---|---|---|
| ४२।१२१।६।१४ | तिज कार्यक्रम | ७८६१५ | |
| ३६४।७।२२ | छठ पुजा | ४०००० | |
| ३६८।७।२३ | दुर्गा तथा छठ पुजा | २६००० | २६००० |
| ३९०।७।२४ | छठ पुजा | ६७००० | ६७००० |
| ४०५।८।१ | छठ पुजा | ४५००० | ४५००० |
| ४३०।८।६ | दुर्गा पुजा | ४०००० | |
| ४६३।८।१४ | छठ पुजा | ५५००० | |
| ६३८।९।२६ | छठ मेला व्यवस्थापन | २००००० | |
| १७३३।३।१४ | माघी पर्व | २००००० | |

## २७ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख मलेप फारम ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति,म्याद थप, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## २८ खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

## २९ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करार तथा ज्यालामा राखि रु. ४५०००००।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकका अधिकृत छैठौ सहायक पाचौ सहायक कम्प्युटर, सहायक चौथो पदमा कर्मचारी कारार नियुक्त गरी खर्च लेखेको छ भने पालिकाले स्वीकृती दरवन्दी भन्दा बढी स.क.अ २ जना का. साहायक २ जन समेत ४ जना ज्यालादारीमा नियुक्त गरी रु. १२९७००८।- खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,९७,००८ |

## ३० कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले कर्मचारीको कार्यसम्पादन तथा मुल्यांकन मापदण्ड कार्यविधि, २०७६ स्वीकृत गरी स्थायी कर्मचारीलाई ३० प्रतिशत सम्म र करार कर्मचारीलाई प्रतिदिन रु २००।- का दरले समेत प्रोत्साहन भत्तामा रु. ४८२५०००।- खर्च लेखेको छ । पालिकाको आन्तरिक आम्दानी न्युन रहेको अवस्थामा आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम कार्यविधि बनाई खर्च लेख्नुपर्दछ ।

## ३१ **"घ" वर्ग इजाजत प्राप्त फर्म**

गैडहवा गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ को दफा ४ (३) मा म्याद नाघेको ६ महिना भित्र इजाजत नवीकरण नगर्ने फर्मलाई सम्बन्धित फर्मको इजाजतपत्र स्वत: खारेज हुने व्यवस्था छ। तर पालिकामा दर्ता भएका २४ वटा "घ" वर्गको इजाजत प्राप्त फर्महरु मध्ये ३ वटा निर्माण व्यवसायी फर्महरुले देहायबमोजिमको आ.व. भन्दा पछाडि सम्मपनि नवीकरण गर्न नआएको र खारेज गर्नुपर्ने अवस्थामा पुगेका फर्महरुको सूचना पालिकाले स्वत: खारेज गरी सम्बन्धित कम्पनि दर्ता गर्ने कार्यालयमा पठाएको पाइएन । देहायको निर्माण व्यवसायीहरुलाई प्रचलित कानुन बमोजिम हर्जना सहित नवीकरण गरी करको दायरामा ल्याउने वा इजाजतपत्र खारेज गरिदिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| आ. व . २०८०।८१ मा नविकरण गर्न नआएका " घ " वर्ग इजाजत प्राप्त निर्माण व्यवसायीहरु | | |
|---|---|---|
| निर्माण व्यवसायीको नाम | इजाजतपत्र दर्ता मिति | नवीकरण गर्न आएको अन्तिम मिति |
| कक्षपति निर्माण सेवा , गैडहवा ४ | २०७७।५।१८ | २०७९।९।११ |
| मायादेवी कन्ट्रक्सन गैडहवा , गैडहवा ५ | २०८०।३।१ | २०८०।३।१ |
| जय महालक्ष्मी कन्ट्रक्सन गैडहवा- ७ | २०७७।९।१२ | २०७७।९।१२ |

## ३२ **बैंक भेरिफाई नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३५,९९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१८,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ३३ **हाटबजारको ठेक्का**

गैडहवा गाउँपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ६ बमोजिम पालिका भित्र जम्मा ५ वटा हाटबजार संचालन रहेकोमा गाउँसभाको स्वीकृत दररेटको आधारमा हाटबजार बैठकी शुल्क (आन्तरिक आय ) उठाउने उद्देश्य अनुरुप पालिकाले मिति २०८०।३। १२ गतेको सुचना प्रकाशन गरी ५ वटै हाटबजारको सिलवन्दी दरभाउपत्र आव्हान गरेको पाईयो।साथै ठेक्का लगाईएका हाटबजारहरुमा पालिकाबाट आधिकारिक अनुगमन भएको छैन ।जसले गर्दा पालिकाको आर्थिक ऐन, २०८० बमोजिम सम्झौतामा उल्लेखित बैठकी करका दररेटहरु अनुसार ठेकेदारहरुले शुल्क संकलन गरे वा गरेनन् भन्ने विषयमा स्पष्ट हुन सकिएन। जससम्बन्धी व्यहोराहरु निम्नानुसार छन् :

३३.१ **ठेक्कामा मु.अ.कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। गैडहवा गाउँपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ६ को खण्डमा समावेश

विवरण अनुसार आय ठेक्का लगाउँदा देहायका हाटजारमा लाग्ने मूल्य अभिवृद्धि कर रु, २३९१७४ असुल नगरेकोले असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु,

| हाटबजारको नाम | सूचिकृत न्युनतम अंक ( भ्याट बाहेक ) | ठेक्का पार्ने व्यक्ति | फर्मले कवोल गरेको रकम ( भ्याट बाहेक ) | भ्याट रकम रकम रु. |
|---|---|---|---|---|
| शुक्रबारे साप्ताहिक शान्ति हाटबजार | ६०००० | कमली देवी गुप्ता | ६०३०० | ७८३९ |
| मंगलबारे साप्ताहिक हाटबजार | ५००००० | प्रभुनाथ वर्मा | ८२५५०१ | १०७३१५ |
| बुधबारे साप्ताहिक हाटबजार | ७००००० | यार मोहम्मद शेष | ७८०००० | १०१४०० |
| मैनहिया हाट बजार | १२०००० | यार मोहम्मद शेष | १६०००० | २०८०० |
| गौढी हाटबजार | २५०० | पूर्णमासी केवट | १४००० | १८२० |
| जम्मा | | | | २३९१७४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३९,१७४ |

३३.२ **असुल गर्न बाँकी ठेक्का रकम** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । साथै गैडहवा गाउँपालिकाको आर्थिक ऐन,२०८० को अनुसूची ७ को दफा ६९(क) मा कर तिर्ने दायित्व भएको व्यक्तिले तोकेको समय भन्दा ढिला कर दाखिला गरेमा वार्षिक १० प्रतिशतले जरिवाना लगाउने उल्लेख छ । पालिकाले मंगलबारे साप्ताहिक जोगडा हाटबजारका लागि न्युनतम कवोल अंक रु. ५०००००।- (भ्याट बाहेक) सुचिकृत गरी मिति २०८०।३।१२ मा ठेक्का आव्हान गरेकोमा सबैभन्दा बढी रु. ८२५५०१।- कबोल गरी सो ठेक्का प्रभुनाथ शर्माले प्राप्त गरेको पाइयो । तर उक्त ठेकेदारसंग भएको सम्झौताको बुँदा नं. १ मा मिति २०८० चैत्र मसान्त भित्र सबै किस्ता बुझाइसक्नु पर्नेमा सो ठेकेदारले जम्मा रकम रु. ४१५५००।- मात्र बुझाएको र बाँकी किस्ताको रकम लेखापरीक्षण सम्म पनि दाखिला नगरेकोले जरिवाना रकम रु. ३००९४।- सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४०,०९५ |

३३.३ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३४ **मु.अ.कर दाखिला**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा स्थानीय तहले मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ।तर गैडहवा गाउँपालिकाले विभिन्न ८ वटा ताल तथा पोखरीहरुमा माछापालन गर्ने प्रयोजनले ५ वर्षे सम्झौता गरी ठेक्का लगाएको पाइयो। जस मध्ये देहायका तालहरुको आय ठेक्काहरुको मुल्य अभिवृद्धी कर कट्टी नगरेकोले भ्याट कट्टी गरी राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्ने रु.

| आय ठेक्काको नाम | सूचना प्रकाशन मिति | कवोल गर्नेको नाम | सम्झौता रकम | प्रथम किस्तामा बुझाएको | मु. अ . कर |
|---|---|---|---|---|---|
| घेरहवा ताल | २०८०।३।३१ | बाल गोविन्द लोध | ६६७००० | १९६००० | २५४८० |
| तुल्सीहवा ताल | २०८०।७।२० | ब्लु विल्डर्स कन्ट्रक्सन | ३७१६९४७ | १११५०८४ | १४४९६० |
| वगहवा पोखरी | २०८०।३।३१ | शिवनारायण थारु | १६००० | १६००० | २०८० |
| जम्मा | | | | | १७२५२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७२,५२० |

३५ **सम्झौता वेगर ठेक्का संचालन**

**१) घेरहवा ताल -** गैडहवा गाउँपालिकाले आर्थिक वर्ष २०८०।८१ का लागि मिति २०८०।३।३१ गते प्रथम पटक सूचना प्रकाशन गरी माछापालन गर्ने प्रयोजनले ५ वर्षे योजनाकोलागि भनेर घेरहवा तालको दरभाउ पत्र आव्हान गरेको पाईयो।सोही तालका लागि भनेर रु. ६६५००० (भ्याट बाहेक) को न्युनतम कवोल अंक राखी सुचना प्रकाशन गरेकोमा अधिकतम कवोल अंक रु. ६६७०००।- को बाल गोविन्द लोधलाई छनौट गरी ठेक्का स्विकृत गरियो। तर सोही वोलपत्रदातालाई पालिकाले पटक पटक सम्झौताकोलागि पत्र लेखे तापनि म्याद समाप्त भईसक्दापनि सोही ठेकेदार सम्झौता गर्न नआएको र प्रथम किस्ता वापत बुझाउनुपर्ने रकम रु. २६६८००।- मध्ये रु.१९६८००।- बुझाइसकेको जनाएको छ।साथै १५ दिने दरभाउपत्र सुचनाको बुँदा नं. ११ मा कवोल अंकको ४० प्रतिशत रकम संझौता वखत एकमुष्ट जम्मा गर्नुपर्ने र बाँकी ६० प्रतिशत रकम मान्यता प्राप्त बैंकबाट बैंक जमानत राख्नुपर्नेमा ६० प्रतिशतले हुन आउने बैंक जमानत रकम रु. ४००२००।- समेत पेश नगरी माछापालन कार्य भईरहेको पालिकाले जनाएको छ । यसरी संझौता र कार्यदिश वेगर आयठेक्का संचालन भइरहेकोले उक्त ठेकेदारसंग सम्झौता गरी सम्झौता अनुसारको रकम असुल गर्नुपर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५५,७५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३६ **धरौटी रकम जफत**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **दोस्रो किस्ता बुझाउन बाँकी रकम**

आर्थिक वर्ष २०७९।८० का लागि गैडहवा गाउँपालिकाले मिति २०७९।८।१६ मा तेस्रोपटक सूचना प्रकाशन गरी ८ वटा तालहरुको ठेक्का लगाएको पाइयो । साथै सूचनाको शर्त नं. ११ मा प्रथम किस्ता वापत रकम सम्झौताको बखत जम्मा गर्नुपर्ने , दोस्रो किस्ताको

रकम २०८० चैत्र मसान्तमा र बाँकी तेस्रो किस्ता वापतको रकम २०८२ साल चैत्र मसान्त सम्म बुझाइसक्नुपर्ने उल्लेख छ । तसर्थ सोही सम्झौता अनुसार तपसिलका वहुवर्षीय तालहरुमा लगाइएका ठेक्काहरुको आ.व. २०८०।८१ मा तिर्न बाँकी रकम २०८० चैत्र मसान्त वितिसक्दा पनि सम्झौता बमोजिमको रकम नबुझाएको पाइयो । तसर्थ तपसिलका वोलपत्रदाताहरुबाट असुल गर्नुपर्ने रु.

| ठेक्काको नाम | ठेकेदारको नाम | सम्झौता मिति | सम्झौता रकम | अवधि | ०८०।८१ बुझाउन बाँकी किस्ता रकम ( मु . अ . कर . समेत ) |
|---|---|---|---|---|---|
| २- २०७९।८० बकौली गाउँको उत्तर पोखरी गैडहवा १ | अमरिका गुप्ता | २०७९।७।२९ | २७१३२ | ५ वर्ष | ९१९७ |
| ४- २०७९।८० बैरिहवा दक्षिण टोल पोखरी | रमेश केवत | २०७९।११। १० | ४९५५०० | ५ वर्ष | १६७९७५ |
| ६- २०७९।८० करबलहिया गडहा पोखरहिया / चमरटोलिया | अनिल कुमार थारु | २०७९।६।१३ | २३७२०० | ५ वर्ष | ६७००९ |
| १०- २०७९।८० बसहिया गडहा पोखरी माछापालन | रामलाल लोध | २०८०।२।२३ | ४९८०० | ५ वर्ष | ५०२९ |
| ११- २०७९।८० बगरदहिया ताल | सलाहुद्दिन पठान | २०८०।२।२३ | ६०००० | ५ वर्ष | २८२५० |
| १२- २०७९।८० खुखुन्डहिया गड्हा | रामलाल लोध | २०८०।२।२३ | २५५०० | ५ वर्ष | ७२०४ |
| १६- २०७९।८० साडी गाउँदेखि पश्चिम पोखरी | राम किशुन नायक | २०८०।२।२३ | १८३३४० | ५ वर्ष | ७६८४० |
| १८- २०७९।८० हथिहवा ताल गड्हा | राम नयन लोध | २०७९।७।१४ | ८३६६७ | ५ वर्ष | १८९०८ |
| जम्मा | | | | | ३८०४१२ |

| असुल गर्नुपर्ने | ३,८०,४१२ |
|---|---|

३८ **संघीय संचितकोषमा फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२३९,८७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

३९ **पेश्की :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको सुत्र प्रणालीको म.ले.प २११ फस्यौंट गर्न बाँकी पेश्की विवरण अनुसार निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको संस्था तथा कर्मचारीलाई दिएको पेश्की म्याद नाघेकोले पेश्की फस्यौंट गर्न बाँकी रहेको हुँदा उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| भौ नं।मिति | पेश्की | पेश्की विवरण | कर्मचारी ।फर्म।संस्था | म्याद ननाघेको पेश्की रु | म्याद नाघेको पेश्की रु |
|---|---|---|---|---|---|
| ५२।०८१।३।२३ | कर्मचारी | अध्ययन अवलोकन भ्रमण | तुल्सीराम भुषाल | | १९४००० |
| ४।०८०।७।२० | मोविलाईजेसन | सुर्यपुरा बहुमुखी क्यम्पस भवन निर्माण | विराट कन्स्ट्रक्सन | १००००० | अन्य दफामा उल्लेख |
| ८।०८०।९।१३ | मोविलाईजेसन | सुर्यपुरा बहुमुखी क्यम्पस भवन निर्माण | विराट कन्स्ट्रक्सन | ८००००० | अन्य दफामा उल्लेख |
| ६।०८१।२।२९ | मोविलाईजेसन | सुर्यपुरा बाटो नाली निर्माण | पिनाकल इन्जिनियर्स प्रा लि | ६८०००० | |
| २६९।०८१।२।२९ | मोविलाईजेसन | विभिन्न योजना परियोजना संचालन तथा समपुरक परियोजना | मेसर्स देव कन्सट्रक्सन | ५२०००० | |
| ८।०८१।३।५ | मोविलाईजेसन | सुर्यपुरा बाटो नाली निर्माण | पिनाकल इन्जिनियर्स प्रा लि | ६८०००० | |
| ५२६।०८१।३।२४ | मोविलाईजेसन | विभिन्न योजना परियोजना संचालन तथा समपुरक परियोजना | पिनाकल इन्जिनियर्स प्रा लि | १३६००० | |
| ३१४।०८१।३।६ | संस्थागत | तारपोल विस्तार | नेपाल विद्युत प्राधिकरण | | १००००० |
| ३२४।०८१।३।९ | संस्थागत | फुटकाहे टोलमा ट्रान्सफारमर जडान | नेपाल विद्युत प्राधिकरण अमुवा वितरण केन्द्र | | ४४९९७७ |
| ३८५।०८१।३।१५ | संस्थागत | तारपोल तथा बिजुली बत्ती | नेपाल विद्युत प्राधिकरण अमुवा वितरण केन्द्र | | ४००००० |
| ३८५।०८१।३।१५ | संस्थागत | खरहा टोलमा विद्युतीकरण | नेपाल विद्युत प्राधिकरण अमुवा वितरण केन्द्र | | ५००००० |
| | | | | २९१६००० | १६४३९७७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १६,४३,९७७ |

## ४० **प्राविधिकलाई फिल्ड भत्ता**

पालिकाले पालिकामा कार्यरत कर्मचारीहरुको कार्य बोझको आधारमा कर्मचारीलाई फिल्ड भत्ता दिनु पर्दछ । पालिकाले आफनो क्षेत्रमा संचालन गरीने योजनाहरु तथा अन्य कार्यको अनुगमन तथा निरीक्षण गरे वापत इन्जिनियर तथा सव इन्जिनियरलाई मासीक रु. ८०००।- का दरले वाह्रै महिना फिल्ड भत्ता दिइ ३ जना प्राविधिक कर्मचारीको फिल्ड भत्ता रु.२८८०००।- खर्च लेखेको छ । पालिकाले पालिका भित्र संचालित योजनाहरुको अनुगमन तथा निरीक्षण कार्यमा जाने प्राविधिकलाई योजनाहरु संचालन भएको बेला मितव्ययी हुने गरी फिल्ड भत्ता खर्च लेख्नु पर्दछ ।

## ४१ **दोहोरो भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,९८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,२२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,४३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,८२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,८१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,६३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **११,८२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४२ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८१ लाख १२ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष, ९ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य ३६जना | जम्मा |
|---|---|---|---|---|---|---|
| बैठक भत्ता | ० | ० | ० | ० | ० | ० |
| यातायात खर्च | ० | १४४००० | ३६०००० | ४३२००० | १०८०००० | २०१६००० |
| टेलिफोन, मोवाइल | ४२००० | ४२००० | ३२४००० | २१६००० | ७२०००० | १३४४००० |
| पुस्तक र पत्रिका तथा इन्टरनेट | ४८००० | ४८००० | ३२४००० | २१६००० | ७२०००० | १३५६००० |
| समन्वय तथा सहजिकरण | १२०००० | ९६००० | ६४८००० | ३६०००० | १०८०००० | २३०४००० |
| अतिथि सत्कार खर्च | ७२००० | ६०००० | ४३२००० | ० | ० | ५६४००० |
| खानेपानी तथा विजुली र सररफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| चाडपर्व खर्च | १५००० | १५००० | १०८००० | ६०००० | २१०००० | ४०८००० |
| जम्मा | ३५७००० | ४६५००० | २१९६००० | १२८४००० | ३८१०००० | ८११२००० |

४३ **राष्ट्रिय शिक्षा नीतिको कार्यावन्वयन**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी सो अनुसार अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

४४ **सार्वजनिकरण**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकासंग निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण माग गर्दा प्राप्त भएन। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

४५ **संघीय संचित कोषमा फिर्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,१५०,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४६ **बढी निकासा**

४६.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१३७,१४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,७२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३२,९०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **संस्थागत विद्यालयको अनुगमन**

राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । साथै शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

४८ **शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । नेपालको शिक्षा नियमावलीले विद्यार्थी शिक्षक अनुपात हिमालमा ४० विद्यार्थी बराबर १ शिक्षक, पहाडमा ४५ विद्यार्थी बराबर १ शिक्षक र तराई तथा उपत्यकामा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्ने व्यवस्था गरेको छ । पालिका अन्तर्गतका २२ वटा सामुदायिक विद्यायलमा शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा मा.वि. तर्फ सबैभन्दा बढी अनुपात सुर्यपुरा मा.वि. मा १३३ र सबैभन्दा कम अनुपात पोहवा मा०वि०मा २९, नि.मा. वि. तर्फ सबैभन्दा बढी अनुपात जनज्योती आ.मा.वि.मा १२८ र सबैभन्दा कम जनता आ.वि. मा २५ र प्रा. वि. तर्फ सबैभन्दा बढी अनुपात जनजागृति मा.वि. मा १२० र सबैभन्दा कम अनुपात जनकल्याण मा. वि. मा २५ रहेको देखिन्छ । यसरी शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन विद्यालयमा दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ । पालिका अन्तर्गतका निम्नानुसार शिक्षक र विद्यार्थी अनुपात रहेकोमा पालिकावाट सो भन्दा बढी हुने गरी थप शिक्षक व्यवस्था गरी तलव भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| क्र सं | विद्यालय | कुल विद्यार्थी संख्या | कुल शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | वढी शिक्षक संख्या | वढी शिक्षकको तलव |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रनगर मा. वि . | १५२ | ३ स्थायी | ३० | १ गा.पा. | २७६००० |
| | | | २ गा.पा. | | | |
| २ | जनता आ. वि | ७५ | १ शि. सि . | २५ | १ गा.पा. | २७६००० |
| | | | २ गा.पा. | | | |
| ३ | नवदुर्गा मा. वि . | ९५ | १ करार | ३२ | १ करार | ४५१४९० |
| | | | २ स्थायी | | | |
| ४ | राजदिप आ. वि . | १४२ | ३ गा.पा | ३६ | १ गा.पा | २७६००० |
| | | | १ शि. सि . | | | |
| ५ | शिव आ. वि . | १६९ | १ करार | २८ | १ करार | ३९४८२४ |
| | | | ५ स्थायी | | | |
| ६ | धौलागिरी आ. वि . | १०३ | १ करार | २६ | १ करार | ३९४८२४ |
| | | | ३ स्थायी | | | |
| | | | | | | २०६९१३८ |

| | |
|---|---|
| अनियमित भएको | २०,६९,१३८ |

४९ **विद्यालयलाई प्रति विधार्थी अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहाय अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि शिक्षण सिकाई सामाग्रीको लागि देहाय अनुसार मदरसा समेत ३५ विद्यालयहरुको लागि विद्यालयहरुमा रु.२६४१७५० निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) नगराई

IEMIS मा उल्लेखित विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अनुदानको शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र. सं . | विद्यार्थी संख्या | अनुदानको प्रकार | रकम |
|---|---|---|---|
| १ | १६८७ | प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास / पुर्व प्राथमिक कक्षाकालागि अनुदान (ECD अनुदान रु . ५०० का दरले ) | ८४३५०० |
| २ | १३३४ | कक्षा १ बुक कर्नर ( प्रति विद्यार्थी रु . १०० का दरले ) | १३३४०० |
| ३ | ५०२० | कक्षा १ – ५ ( रु . १५० का दरले ) | ७५३००० |
| ४ | २४१३ | कक्षा ६ – ८ ( रु . २०० का दरले ) | ४८२६०० |
| ५ | १२७५ | कक्षा ९ – १० ( रु . २०० का दरले ) | २५५००० |
| ६ | ६९७ | कक्षा ११ – १२ ( रु . २५० का दरले ) | १७७४२५० |
| | | जम्मा | २६४१७५० |

५० **परम्परागत विद्यालय अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,३२५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

५१ **प्रगति प्रतिवेदन पेश नगरेको**

कार्यक्रम कार्यान्वयन पुस्तिका , २०८०।८१ को २.८.९ क्रियाकलाप नं. २.७.१३.१३ (९.३) अनुसार स्थानीय तहले शैक्षक, व्यवस्थापकीय सुधार सुशासनमा उत्कृष्ट कार्य गरेका सामाजिक परीक्षण मापडण्ड २०७८ ले तोकेको विधि ,पद्दती र प्रकृया बमोजिम उच्च अंक प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः ३ लाख र २ लाख निकासा गर्ने व्यवस्था छ। साथै सो बमोजिम विद्यालयले प्राप्त गरेको अनुदान बाट विद्यालयको आवश्यकताको आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययण भ्रमण , प्रविधि युक्त सिकाई , छिमेकी विद्यालयहरु संगको अन्तरक्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्नु पर्ने र विद्यालयले सम्पादित कार्यको आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने र स्थानीय तहले प्रस्ताव अनुसार अनुदान रकमको उपयोगको अवस्थाको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था छ। पालिकाले विद्यालयहरुको मुल्यांकन नगरी तथा प्रस्ताव स्वीकृत नगरी गोश्वारा भौचर नं. २५३-२०८१।३।१८ बाट महेन्द्रनगर मा.वि.लाई रु,३००००० र जिवनज्योति मा.वि.लाई रु, २००००० गरी जम्मा ५ लाख अनुदान उपलब्ध गराएकोमा स्थानीय तहले अनुदान रकमको उपयोगको अवस्थाको सम्बन्धमा नियमित अनुगमन हुनुपर्दछ ।

५२ **छात्रावृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.७.२.१.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या एकिन गरी छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले कक्षा १-८ का EMIS मा प्रविष्टि भएका छात्रा संख्या ३९२५ लाई प्रतिविद्यार्थी रु.४०० का दर रु. १५ लाख ७० हजार छात्रावृति निकासा गर्नुपर्नेमा गो.भौ.नं. १३३-२०८०।१२।२० बाट ३९७६ जनाको लागि रु. १५९०४०० र गो.भौ.नं.२३२-२०८१।३।१३ बाट २५ जनाको रु.१०००० गरी जम्मा ४००१ जनाको लागि रु.१६००४०० निकासा दिई १० जनाको रु. ४००० फिर्ता गरी ३९९१ जनाको रु. १५९६४०० निकासा दिएको पाइएकोले बढी छात्रा संख्या ६६ को बढी निकासा दिएको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,४०० |

५३ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत १३९ दिनको ६५५८ विद्यार्थीको लागि तपशिल बमोजिम गो.भौ. र मितिबाट रु. १ करोड ३६ लाख ९७ हजार अनुदान ८१० विद्यालयहरुलाई उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन ।

| गो. भौ . र मिति | दिवा खाजा रकम |
|---|---|
| ३५- २०८०।७।१६ | ४०४९७३० |
| ९४- २०८०।१०।१६ | ३७१८०३१ |
| १४०- २०८०।१२।२६ | २७१२८७० |
| २३२- २०८१।३।१३ | ३१४७१७९ |
| जम्मा | १३६९७८१० |

स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र.अ ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन । साथै विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वियन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन ।

५४ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.३ क्रियाकलाप नं. २.४.६.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष गो.भौ.नं. १३३-०८०।१२।२० बाट रु. ४३७०२२७।– २३२-२०८१।३।१३ बाट रु.१४१३३८८ र गो.भौ.नं. ३५-०८०।७।१६ बाट रु. १८३०७१।– गरी जम्मा रु. ५९६६६८६ पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यालयले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको पालिकाले अनुगमन गरेको पाइएन । अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ ।

५५ **स्यानिटरी प्याड**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४१,८१०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

### ५६ कृषि अनुदान

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट बिभिन्न ९ कार्यक्रमका लागि रु. ६१६००००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै अनुदान उपयोग र प्राप्त प्रतिफलको बारेमा अनुगमन , उपलब्धि मापन गरी अनुदान उपयोगको प्रोफाइल तयार गर्नुपर्दछ ।

| क्र. सं . | अनुदानको किसिम/ कार्यक्रम | पालिका/ सशर्त | अनुदान प्रतिशत | अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | साना सिंचाई अनुदान | पालिका | ५० | ६६७००० |
| २ | साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान | पालिका | ५० | १६००००० |
| ३ | कन्य च्याउको वीउ वितरण | पालिका | १०० | २५०००० |
| ४ | खाद्यान्न बालीको गहुँको उन्नत वीउ वितरण | पालिका | ५० | ९१७००० |
| ५ | कृषि मिटर जडान राजस्व छुट अनुदान | पालिका | ५० | २१०००० |
| ६ | तरकारी प्रबर्धन कार्यक्रम | संघीय सशर्त | ५० | १४१२००० |
| पशु सेवा तर्फ अनुदान | | | | |
| ७ | हिउदे/ वर्षे घाँस खरिद तथा वितरण | पालिका | ३० | ७००००० |
| ८ | पशु नश्ल सुधारका लागि बोका वितरण | पालिका | १०० | १००००० |
| ९ | यान्त्रीकरण | पालिका | ५० | ३०४००० |
| | जम्मा | | | ६१६०००० |

### ५७ बिविध तथा होटेल खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना खाजा तथा विविध खर्च शिर्षकमा रु. ३० लाख खर्च गरेको छ । पालिका तथा वडामा कार्यरत कर्मचारी ,स्थानीय तह प्रदेश तथा कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधिलाई चिया, खाजा, नस्ता, खानामा होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

### ५८ वेटी पढाउ बालिका विमा

वालिका संरक्षण कार्यक्रम संचालन कार्यविधि, २०७५ को बुदा नं. ४ ग मा पालिकाको कार्य क्षेत्र भित्र वसोवास गर्ने नागरिक दम्पत्तीहरुबाट जन्म लिएका नवजात शिशु बालिकाहरुको जन्म र निजको पारिवारीक विवरण अनुसुची १ तयार गरी गाउँपालिकाले नवजात शिशु बालिकाको जीवन सुरक्षा एंव भविष्यमा केही मदत पुगोस भन्ने हेतुले वित्तीय संस्थामा बालिकाको नाममा २० वर्षे मुद्धती खाता खोली एकमुष्ठ २० हजार अनुदान स्वरुप र निज बालीकाको परीवारबाट रु. ५०००।- थप गर्नुपर्ने उल्लेख छ । पालीकाले यो वर्ष

बेटी पढाउ बालिका विमा कार्यक्रममा रु.३००००००।- नवजात बालिकाको नाममा बैक खाता खोली जम्मा गरेको छ । पालिकाको आन्तरीक आय न्युन रहेकोमा दिर्घकालिन असर गर्ने कार्यक्रम स्वीकृत गरी खर्च गर्नेमा पालिकाले ध्यान दिनुपर्दछ।

५९ **गैर सरकारी संस्था मार्फत कार्यक्रम संचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) मा सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीबाट संचालन गर्ने तालिम तथा वितरण कार्यक्रम पालिकाले वडा स्तरीय बजेटबाट यस वर्ष निम्नानुसारका गैर सरकारी संस्थाबाट विभिन्न कार्य गराई भुक्तानी गरेको छ । तर संस्था मार्फत कार्य गर्दा लागत अनुमान तयार नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन नगरी पालिकाले त्यस्ता संस्थाहरुसँग प्रस्ताव माग गरी सोझै खर्च गरेको छ । पालिकाले आवश्यकताको पहिचान नगरी प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ. न. | कामको विवरण | गैर सरकारी संस्थाको नाम | खर्च रकम |
|---|---|---|---|
| १२८४।२०८१।२।३ | स्यानिटरी प्याड बनाउने तालिम | लुम्विनी विकास मञ्च | १९८६२३ |
| १५८०।२०८१।३।९ | आमा समुहलाई चेतानामुलक तालिम | सक्षम आमा समुह | १५०००० |
| १६४२।२०८१।३।११ | स्कुल व्याग बनाउने तालिम | नमस्ते बालवचाउ नेपाल | २९९३८२ |
| २४।२०८१।२।७ | चापाकल बनाउने तालिम | नव ज्योती जागरण समुह | २९६२९१ |
| २८।२०८१।२।९ | सिलाई कटाई तालिम | कृष्णा सामुदायिक विकास के | २९८३२० |
| ३३।२०८१।२।३२ | कीशोर किशोरलाई आत्मरक्षा तालिम | नमस्ते बालबचाउ नेपाल | २९८२९१ |
| ३४।२०८१।३।४ | क्षमता विकास कार्यक्रम | गैडहवा किशोर किशोरी युवा साथि संजाल | २९८५०० |
| जम्मा | | | १८३९४०७ |

| अनियमित भएको | १८,३९,४०७ |
|---|---|

६० **खेलकुद कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यंवस्था छ । पालिकाले खेलकुद कार्यक्रममा एक मुष्ठ बजेट विनियोजन गरी कार्यपालिकाबाट निर्णय गर्दै विभिन्न खेलकुद सस्थालाई खेलकुद कार्यक्रम संचालनको लागि भुक्तानी दिने गरेको छ । यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनु पर्दछ । पालिकाले आफैले संचालन गर्ने गरी खेलकुद कार्यक्रममा बजेट विनियोजन गरी खर्च लेख्नु पर्नेमा खेलकुद संस्थाले संचालन गर्ने विभिन्न खेलकुद संस्थालाई दिएको रकम नियमसम्मत नदेखिएको रु.

| गो भौ न | विवरण | सस्थाको नाम | रकम |
|---|---|---|---|
| १७१०।३।१४ | अध्यक्ष कप खुला कवडी प्रतियोगित | गैडहवा कवडि संघ | २८००००। |
| ६०९।९।२४ | भलिवल प्रतियोगिता | शान्ति युवा क्लव | ४०००००। |
| ७७४।१०।१६ | व्याडमिन्टन प्रतियोगिता | मैनीया हाटबजार उपभोक्ता | १२३४३४ |
| ७९७।१०।२३ | फुटवल प्रतियोगिता | न्यु एभरेष्ट युवा क्लव | १४६३३२ |
| ९६२।११।२० | खेलकुद सामाग्री वितरण | मधेशी वर्ग युवा | १००००० |
| ९६८।११।२० | फुटबल तथा क्रिकेट प्रतियोगिता | महेन्द्रनगर खेलकुद समिति | १९८७०० |
| ११९५।१।३ | तेस्रो अध्यक्ष कप क्रीकेट | वायरियर्स क्रीकेट क्लव | २००००० |
| जम्मा | | | १४४८४६६ |

| अनियमित भएको | १४,४८,४६६ |
|---|---|

६१ **अनुगमन भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६२ **परामर्श सेवा खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । यसको लेखापरीक्षणवाट निम्न व्यहोरा देखिएका छन ।

| भौ नं मिति | परामर्शदाताको नाम | कार्यको विवरण | भुक्तानी |
|---|---|---|---|
| ४७१।०८१।३।२१ | हातेमालो ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | सितल डाँडा देखी हसनापुर हुदै सुर्यपुरा जाने रोडको डिपिआर | ४९४९४० |
| ४७२।०८१।३।२१ | लुम्बिनी इन्जिनियर्स एण्ड रिसोर्स कन्सल्टेन्ट प्रा.लि. | सितल गैडहवा क्षेत्रमा रहेको सुर्यपुरा रोडको डिपिआर | ९८,५०० |
| ४७९।०८१।३।२१ | पैयु पर्बत ईन्जिनियरीङ्ग एण्ड कन्ट्रक्सन प्रा.लि. | सुर्यपुरा हाटबजारको डिपिआर | ४९३८१० |
| ४८०।०८१।३।२१ | नमस्ते कपिलवस्तु सोलुशन | सुर्यपुरा वार्ड अफीस बिल्डिँग | ४९४९४० |
| ४९६।०८१।३।२२ | क्याड कन्सेप्ट इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | वडा नं. 2 को वडा कार्यालयको डी.पि.आर निर्माण | ३७२९०० |
| ५००।०८१।३।२२ | मर्चवार ईन्जिनियरिङ्ग कन्सल्टेन्सी | १ न.वडा कार्यालयको डिपिआर | ३९५००० |
| | | | २३५००९० |

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हालसम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइन्छ । नर्मस निर्धारण गरी लागत अनुमान तयार गर्नु पर्दछ ।

• परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन। जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

• परामर्शसेवा, अध्ययन तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर. तथा अध्ययन प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहको दोहोरो पना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर. प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

• कार्यान्वियन - पालिकाले आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि उक्त अध्ययन प्रतिवेदनहरु कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यस्ता सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवम् कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याउनु पर्दछ ।

## ६३ क्याम्पसलाई अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले सुर्यपुरा वहुमुखी क्याम्पसलाई शैक्षिक अनुदानमा रु. ११०००००।- र ल्यापटप खरिदको लागि रु. ९७५००।- समेत रु.११९७५००।- खर्च लेखेको छ । क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा पालिकाको कार्य क्षेत्र वाहिर गई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ११,९७,५०० |

## ६४ कर समायोजन

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकालले गो. भौ. न. २९।०८०। ९।२४ बाट गाउँपालिका पुजिगतबाट निर्माण व्यवसायी विराट कनस्ट्रक्सनलाई हस्त लिखित कर विजक नम्बरबाट मु. अ. कर रु. २०६५४१।सहित रु १७९८३२२। भुक्तानी दिएको छ । तोकिएको ढाँचामा कर विजक जारी नगरी हस्तलिखित कर विजक उल्लेख

गरेकोले मु. अ. कर रकम दाखिला भयो भनि यकिन गर्न नसकीयकोले मुअकर रु. १४४५७८। भुक्तानी गरेकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४४,५७८ |

## ६५ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । पालिकाले यस वर्ष तपशिल अनुसार औषधि तथा सर्जिकल सामाग्रीहरु रु. १६९७५०० औषधि खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

| फर्मको नाम | औषधिको ITEM | ठेक्काबाट खरिद रकम | ठेक्काको मुल्यमा खरिद | जम्मा खरिद रकम |
|---|---|---|---|---|
| कर्णजात फर्मास्युटिकल्स प्रालि | ६२ | ८२७२९७ | - | ८२७२९७ |
| चुनचुन फार्मेसी | ६१ | - | ४५९७०३ | ४५९७०३ |
| चुनचुन फार्मेसी | १० | - | ४१०५०० | ४१०५०० |
| जम्मा | | | | १६९७५०० |

## ६६ दरवन्दी भन्दा बढी काज कर्मचारी

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ (ख)मा सार्वजनिक निकायले कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तीलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । त्यस्तै कर्मचारी समायोजन ऐन २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानीय तहको सेवामा स्वीकृत भएको दरवन्दी पुर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दी कायमा भएका सम्वन्धित सेवा समुहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसंग मिल्दोजुल्दो तहको कर्मचारीलाइ काजमा खटाउन सकिने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवाको लागि स्वीकृत दरवन्दी अनुसार जनशक्तिको पदपुर्ति रहेको अवस्थामा दरवन्दी भन्दा ७ जना बढी कर्मचारीलाई काजमा राखि वार्षिक रु. ४७१५०००।- खर्च लेखी बढी व्यभार पारेको छ । अत : स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी काजमा राखी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४७,१५,००० |

## ६७ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ६०० थान प्रति थानको रु. ८९४.९६ (भ्याट समेत) रु.५३६९७६।- को खरिद गरेको छ। गत वर्षको मौज्दात शून्यको छ। यस पालिका अन्तर्गतका बर्थिङ सेन्टरमा गत वर्ष ५११ जना र यस वर्ष ५४५ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाले २०० थान न्यानो झोला मौज्दातमा रहेको जनाएको छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

## ६८ औषधिको म्याद

औषधि खरिद सम्झौताको बुँदा नं. ६ मा Expiry date स्टोर दाखिला हुँदा ७५ प्रतिशत हुनुपर्ने र सो भज्दा कम म्याद भएका औषधि स्विकार गरिन् छैन भन्ने उल्लेख छ। माथि उल्लेखित E-bidding मार्फत कर्णजात फर्मास्युटिकल्स प्रालि बाट खरिद गरिएका ६२

आइटमका औषधिको मिति २०८०।९।५ अर्थात २०२३ Dec २१ को हिसावले ७५ प्रतिशत समयावधि २०२५ जुन २१ हुन्छ उक्त अवधि भन्दा कम अवधि भएका ८ आईटमका औषधिहरु पालिकाले स्वीकार गरेको छ। अतः स्पेशिफिकेसनमा तोकिए अनुसार पूर्ण अवधि भएका औषधि मात्र खरिद गर्नुपर्दछ ।स्पेशिफिकेसनले तोकिए भन्दा कम म्याद भएका औषधिहरुका केही उदाहरणहरु निम्न छन :-

| क्र. सं . | औषधिको नाम | ब्याच नं. | म्याद सकिने मिति | खरिद परिमाण |
|---|---|---|---|---|
| १ | Doxy 100 mg Cap | १५० | मे २०२५ | ५००० |
| २ | Rantdine 150 mg | १६५१ | जुन २०२५ | ३०००० |
| ३ | Paracetamol sus 60 ml | ९ | फ्रवुअरी २०२५ | २००० |

खरिद भएका औषधिहरुको मूल्य उप्पादकले राष्ट्रियस्तरको समचारपत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उप्पादित औषधि पालिकाले खरिद गरेको छ भनि प्रमाणित गरेको छैन । साथै आपूर्ति हुने औषधि स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति, उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने गरेको छैन । र पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भइ आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।

अत: पालिकाले खरिद भएका औषधिहरुको सबै विवरण खुलाई औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ। र औषधि खरिदको एकै प्याकेज बनाई बोलपत्र गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्नुपर्दछ।

६९ **पारिश्रमिक कर**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,६५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,९०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,८८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,४७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,४७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,०६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८,३९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,५५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,२४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,४६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७० **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन ।

**भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा दाखिला गर्न पहिलो ,दोस्रो, तेस्रो र अन्तिम चौथो त्रैमासिक गरी जम्मा रु, १२ करोड ७६ लाख ३५ हजार ८३४ बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र लाभग्राही समक्ष रकम EFT गरेको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र सम्बन्धित खातामा रकम पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

**हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामा जम्मा भई कुनै कारणबश खाता बन्द गर्नुपर्दा वा लगतकट्टा गर्नुपर्दा बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले लाभग्राहीलाई विभिन्न त्रैमासिकको रकम भुक्तानी गर्दा लगतकट्टा भएको अवस्थामा होल्डमा बसेको रकम समयमै फिर्ता गरेको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । यसमा पालिकाले ध्यान दिनु पर्दछ ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्

फिर्ता गर्नु पर्ने रकम : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन ।तर उल्लेखित लाभग्राहीहरुको बैंक खाताको नमुना परीक्षण गर्दा मृत्यु पश्चातपनि रकम फिर्ता नभई बैंक मै होल्ड रहेको पाइयो ।यसरी होल्डमा रहेको रकमलाई संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा नगरेकोले सम्बन्धित बैंकलाई पत्र लेखी संघीय संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नपर्ने रु.

| नाम | नागरिकता नं. | वडा नं. | क्षेत्र | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| सोहराती चमाईन | ४५०२ | १ | अन्य जेष्ठ नागरिक | १२२०० |
| रहम तुल्लाह धुनिया | २७२३१ | १ | अन्य जेष्ठ नागरिक | ११३३५ |
| तेरासी मुराव | १२८० | २ | अन्य जेष्ठ नागरिक | २३९४ |
| पन्चि कहाइन | २३८५२ | ३ | अन्य जेष्ठ नागरिक | ६९१६ |
| कुतवुन मुसलमानीन | १७२० | २ | अन्य जेष्ठ नागरिक | ९९७५ |
| जम्मा | | | | ४२८२० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,८२० |

७१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९ वटा योजना संचालन गरी १४२ जनालाई औषत ३९.७ दिनसम्म रोजगारी उपलब्ध गराई रु. ३७ लाख ७९ हजार १५६ ज्याला खर्च गरेको छ । नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

**(क) दुर्घटना बिमा:** निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ ।

७२ **१५ शैया अस्पताल**

ठेक्का नं NCB-9/79-80 बाट पालिकाका लागि १५ शैया अस्पताल निर्माणका लागि मू.अ.कर र पि.एस समेत रु. २०२४१२३०२।– को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी पि.एम. गुडविल्ड जे.भी. संग रु. १९९११३४१०।– मा २०८२।८।२४ मा कार्यसम्पन्न

गर्ने गरी २०८०।८।२४ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई २०७९।८० मा पेश्की वापत रु. ३४६२८९००।– पेश्की भुक्तानी भएको (हाल फर्स्यौट भईसकेको) र २०८०।८१ मा आठौं रनिंग विलसम्मको रु. १०४८६५७३३।७६ भुक्तानी भएको छ । यससम्बन्धमा देखिएका अन्य व्हयोरा देहाय अनुसार रहेका छन :

७२.१ **न्यून प्रतिस्पर्धा** - बोलपत्र मूल्यांकनका क्रममा ३ वटा बोलपत्रदाताहरुको बोलपत्र दाखिला भएकोमा प्राविधिक मूल्यांकनमा १ बोलपत्रदातालाई ईन्जिनियरको अनुभवन नपुगेको कारण र अर्को १ बोलपत्रदातालाई Key Construction activities मध्येको AAC Block works ८३२ घन मीटरको हुनुपर्नेमा नभएको जनाई बाँकी रहेको १ बोलपत्रदाता पि.एम.- गुडविल्ड जे.भी. लाई आर्थिक प्रस्तावका लागि छनौट गरी १.६५ प्रतिशत मात्र घटीमा मू.अ.कर र पि.एस.समेत रु. १९९११३४१०।– कबोल गरेकोमा सम्झौता गरेको देखिन्छ ।

७२.२ **विमा** – निर्माण व्यवसायीसंग भएको सम्झौताको शर्त SCC 19.1 तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा सम्झौताको शुरु अवधि देखि त्रुटी सच्चाउने अवधि सम्मको विमा गर्नुपर्ने उल्लेख रहेकोमा निर्माण व्यवसायी पि.एम.- गुडविल्ड जे.भीले सम्झौताको ५ महिना पश्चात मात्र विमा गरेको पाईयो । निर्माण व्यवसायीलाई विल अफ क्वान्टिटीको पि.एसमा भएको विमा रकम रु.२१७७१५४।– को ०.८ ले हुने रु. १७३९३०६।– हाल भुक्तानी भएकोले शुरु अवधि भन्दा घटी ५ महिनाको विमा गरेकोले सोही आधारमा विमा भुक्तानी दिनुपर्दछ ।

७२.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२.४ गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार यो अस्पतालको लागि आ.व २०७७।७८ मा ठेक्का नं- ०६।७७।७८ मा एस एस के निर्माण सेवा प्रा.लि सँग ठेक्का सम्झौता गरी त्यस आ.व अस्पताल निर्माण वापत रू.५७०९७२८।६८ भुक्तानी खर्च लेखेको र यस सम्बन्धी विस्तृत विवरण पालिकासँग माग गरिएकोमा पुरानो ठेक्काको लागत अनुमान र त्यस आ.व मा भएको फुटिंगको आंशिक कार्य भए अनुसारको कार्यको भुक्तानी गरेको जनाएको देखिन्छ । पालिकाले उक्त ठेक्का प्राप्त भएको बजेट अनुसार न्यून रकममा लगाएको र साथै हाल बहुवर्षीय ठेक्का स्वीकृत गरी कार्य गरेको जनाएको छ । हाल स्वीकृत भएको ठेक्काबाट गरेको रू.५७०९७२८।६८ मूल्य बराबरको के कति काम भएको हो र उक्त परिमाण हालको ठेक्कामा दोहोरो परेको नपरेको सम्बन्धमा एकिन हुन सकिएन ।

७३ **सि.सि.टिभी. जडान**

पालिकाले यो वर्ष देहाय अनुसार पालिका, विद्यालय तथा वडाका लागि सि.सि.टिभी. जडान तथा मर्मत गर्न कार्यक्रम छुट्याई देहयानुसारको आपुर्तिकर्ताबाट खरिद तथा मर्मत कार्य गरी रु. १५२६८०० भुक्तानी गरेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै मर्मत तथा खरिद कार्यको एकै साथ प्याकेजिंग गरी कार्य गर्नुपर्दछ ।पालिकाले यससम्बन्धमा कनेक्ट नेपाल नेटवर्क्सबाट मर्मत कार्यहरु भएको र अर्को आपूर्तिकर्ताबाट मात्र खरिद कार्य भएको जनाएको छ ।

| भौ नं | आपूर्तिकर्ता | कार्यक्रम | रकम रु | |
|---|---|---|---|---|
| ५२४।०८१।३।२४ | कनेक्ट नेपाल नेटवर्कस प्रा.लि. | गैडहवाको सि.सि.ट.भि. मर्मत तथा मा.बि.बिद्यालयको सि.सि.ट.भि. मर्मत ( १ देखी ९ वडा) | ७७५३०० | मर्मत कार्य |
| ५२५।०८१।३।२४ | बिना ट्रेडिङ्ग हाउस | ANTR क्यामरा जडान - ३ र ६ | ७५१५०० | |
| | जम्मा | | १५२६८०० | |

७४ **सूर्यपुरा बहुमुखी क्याम्पस निर्माण**

पालिकाले सूर्यपुरा क्याम्पस निर्माण, NCB-३/०८०-८१ का लागि रु. १५०३३५७७।०० को लागत अनुमान तयार गरी निर्माण व्यबसायी विराट कन्स्ट्रक्सनसँग मिति २०८१।२।१५ भित्र निर्माण कार्य सक्ने गरी २०८०।६।३० मा रु. ९१४९२९३।०० को सम्झौता गरी दोश्रो रनिंङ विल सम्मको रु.५३५८६८५।– को कार्य भएको छ । उक्त निर्माण कार्यको म्याद थप भएको छैन । सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता अनुसार उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

७४.१ **पूर्वनिर्धारित क्षतिपूर्ति** - पालिकाले निर्माण व्यवसायी विराट कन्स्ट्रक्सनसंग २०८१।२।१५ मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा कार्य सम्पन्न भएको छैन । उक्त निर्माण कार्यको म्याद थप तथा हालसम्म कार्य सम्पन्न नभएकोले निर्माण व्यवसायीसंग भएको सम्झौताको दफा SCC ५५.१ अनुसार मू.अ.कर. बाहेकको सम्झौता रु. ७९३८२२८।– को १० प्रतिशतले हुने रु. ७९३८२२।– पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गराउनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९३,८२२ |

७४.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५ **कालोसूची**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३(१) ग बमोजिम खरिद सम्झौता कार्यान्वियन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेमा निर्माण व्यवसायीलाई कार्यको गाम्भीर्यताको आधारमा कालोसूचीमा राख्न सक्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(७)मा खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बीचमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै वखत अन्त्य गर्न सक्नेछ भने दफा ५९(८) मा सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :

७५.१ **NCB-6/80-81 –** प्रदेश समपुरक योजना अन्तर्गत भुजौली देखि बकौली-पोहवा गैडहवाताल जाने बाटो कालोपत्रे निर्माण कार्यका लागि रु. ७०३१००९।– को लागत अनुमान तयार गरी निर्माण व्यवसायी विपिन कन्स्ट्रक्सनसंग रु. ४२२१८१५।८६ मा २०८१।२।१५ भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।८।१९ मा सम्झौता भएकोमा निर्माण व्यवसायीलाई पेश्की वापत रु. ३७००००।– र प्रथम रनिंग विल वापत रु. १०९००००।– भुक्तानी भई बेश सम्मको कार्य गरेको र तत्पश्चात निर्माण व्यवसायीले कार्यप्रगति नगरेको र सम्पर्कविहिन रहेकोले स्पष्टिकरणका लागि २०८१।५।१३ मा पत्राचार गरेकोमा समेत कार्य नगरेकोले पालिकाले २०८१।७।२७ मा कृषि विकास बैंकलाई निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न प्रयोजनका लागि अग्रिम बैंक जमानत रु. ३७००००।- र कार्यसम्पादन जमानत रु. १०८८५००।– जफत गर्न लेखेकोमा उक्त रकम राजस्व दाखिला गरेको जनाएको छ ।तर निर्माण व्यवसायीसंग ठेक्का सम्झौता तोडेको निर्णय वा सूचना पेश भएको छैन ।पालिकाले निर्माण व्यवसायीलाई सार्वजनिक खरिद तथा अनुगमन कार्यालयमा कालोसूचिमा राख्नको लागि सिफारिस गरेको जनाएकोमा सो सम्बन्धि प्रमाण तथा निर्माण व्यवसायी कालो सूचीमा परेको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३१,३१,८१५ |

७५.२ **NCB-4/80-81 –** प्रदेश समपुरक योजना अन्तर्गत डेलार टोल – देउराली टोल मैनिया बाटो कालोपत्रे निर्माण कार्यका लागि रु. ६७८४२१५।– को लागत अनुमान तयार गरी निर्माण व्यवसायी विपिन कन्स्ट्रक्सनसंग रु. ४००५८२७।- मा २०८१।२।१५ भित्र

कार्य सम्पन्न गर्ने गरी २०८०।८।1९ मा सम्झौता भएकोमा निर्माण व्यवसायीलाई पेश्की वापत रु. ३५००००।– र प्रथम रनिंग विल वापत रु. २४०६२६२।– भुक्तानी भएको र तत्पश्चात निर्माण व्यवसायीले कार्यप्रगति नगरेको र सम्पर्कविहिन रहेकोले स्पष्टिकरणका लागि २०८१।२।९ मा पत्राचार गरेकोमा समेत कार्य नगरेकोले पालिकाले २०८१।४।१० मा कृषि विकास बैंकलाई निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न प्रयोजनका लागि बाँकी रहेको पेश्कीको अग्रिम बैंक जमानत रु. १५००००।- र कार्यसम्पादन जमानत रु. १०८१०००।– जफत गर्न लेखेकोमा सो मध्ये रु. १५००००।– अग्रिम बैंक जमानत राजस्व दाखिला भएको र कार्यसम्पादन जमानत रु. १०८१०००।– धरौटीमा राखेको छ ।पालिकाबाट निर्माण व्यवसायीसंग ठेक्का सम्झौता तोडेको निर्णय वा सूचना पेश भएको छैन । पालिकाले निर्माण व्यवसायीलाई सार्वजनिक खरिद तथा अनुगमन कार्यालयमा कालोसूचिमा राख्नको लागि सिफारिस गरेको जनाएकोमा सो सम्बन्धि प्रमाण तथा निर्माण व्यवसायी कालो सूचीमा परेको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,९९,५६५ |

७६ **वितरणमुखी कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न आमा समुहहरुलाई देहाय अनुसार वितरण गरी खर्च लेखेको छ । पालिकाले वित्तरणमुखी खर्च नियन्त्रण गर्नुका साथै सार्वजनिक गर्नुपर्दछ ।

| भौ नं।मिति | कार्यक्रम | वितरण गरेको समूह | विवरण | रकम रु |
|---|---|---|---|---|
| २८४।०८१।३।४ | पाडेडिह कुट्टा आमा समूह सामग्री खरिद | सयपत्री आमासमूह | साउन्ड स्पिकर १ थान पंखा प्लेटकुर्सी २३ थान | ९९८६१ |
| २९६।०८१।३।४ | सिर्जनशिल आमा समूह | सिर्जनशिल आमा समूह | अफिस टेबल दरजा सोफा सेट कुर्सी रोष्टम | १९६००० |
| ३१०।०८१।३।५ | आमा तथा महिला समूहलाई भाँडा तथा फर्निचर खरिद | लालीगुराँस महिला समूह | भाडा कुँडा सामान | ५०००० |
| ४३०।०८१।३।१८ | आमा तथा महिला समूहलाई भाँडा तथा फर्निचर खरिद | न्यू जागरण महिला समुह | भाडा कुँडा सामान | १००००० |
| | जम्मा | | | ४४५८६१ |

७७ **योजना अनुगमन भत्ता**

लुम्बिनी प्रदेश,स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न मितिमा योजनाहरुको अनुगमन गरे वापत अनुगमन समितिका पदाधिकारी तथा कर्मचारीलाई भत्ता भुक्तानी गरेको छ । पालिकाले योजना रकमबाट अनुगमनको भुक्तानी गर्दा कन्टिन्जेन्सी बजेट खर्च जनाएको छैन । ऐनको उक्त प्रावधान विपरित भएको खर्च नियम सम्मत नदेखिएको रु.

| गो भौ न | अनुगमन कार्य | रकम रु |
|---|---|---|
| ४८२।०८१।३।२२ | विभिन्न योजनाको अनुगमन भत्ता | १६६५०० |
| ३४७।०८१।३।१२ | विभिन्न योजनाको अनुगमन भत्ता | १४९००० |
| १९।०८०।११।८ | विभिन्न योजनाको अनुगमन भत्ता | ११४४०० |
| जम्मा | | ४८७००० |

| अनियमित भएको | ४,८७,००० |
|---|---|

७८ **भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ई.एफ.टी (ईलेक्ट्रोनिक फण्ड ट्रान्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्दछ । पालिकाले देहाय अनुसार अमानतबाट कार्य गराई खर्च गरेकोमा सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी नदिई देहाय अनुसार कर्मचारी।व्यक्तिको नाममा भुक्तानी दिएको नियमानुसार नदेखिएको रु.

| भौ नं।मिति | कार्य | भुक्तानी लिने | रकम रु | कैफियत |
|---|---|---|---|---|
| ३२६।०८१।३।९ | विविध समपुरकबाट माटो पटान कार्य | अब्दुल रहमान | ७७२९७ | ए आर एम कन्स्ट्रकसनलाई भुक्तानी हुनुपर्ने |
| ५१७।०८१।३।२४ | वडा नं. ५ मा हैण्ड पाइप जडान बापतको रकम | शिव चरण मुराउ | १०६२८४ | कृषकलाई भुक्तानी हुनुपर्ने |
| ५१९।०८१।३।२४ | वडा नं. ५ मन्दिर रंगरोगन | शिवचरन मुराउ | ३३००० | विल अनुसार फर्मलाई भुक्तानी हुनुपर्ने |
| ५२०।०८१।३।२४ | विपन्न नागरिकलाई विद्युत मिटर जडान | शिवचरन मुराउ | ६१२२ | अध्यक्ष तोकादेश |
| ५२७।०८१।३।२४ | विपन्न नागरिकलाई विद्युत मिटर जडान | शिवचरन मुराउ | ३६४६८ | विद्युत विलहरु |
| २३।०८१।२।२९ | रोजगार कार्यक्रम सामाग्री खरिद | मनिषा कार्की | १३४००० | निकिता हार्डवेयरलाई भुक्तानी हुनुपर्ने |
| | | | ३९३१७१ | |

यस्तो भुक्तानी तथा खर्चलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ।

| अनियमित भएको | ३,९३,१७१ |
|---|---|

७९ **लाईट जडान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष देहाय अनुसार दरभाउ पत्र मार्फत बजार दर लिई देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको छ। पालिकाले हाईमस्ट लाईट तथा सडक बत्तीका लागि लागत अनुमान तयार गर्दा रुपन्देही जिल्लाको वा नजिकैको जिल्लाको जिल्ला दररेट समे लिई लागत अनुमान तयार गर्नुपर्नेमा सोझै दररेटमा खरिद गरेको छ । पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद कार्य गर्नुपर्दछ ।

| भौ नं।मिति | कार्यक्रम | आपूर्तिकर्ता | रकम रु |
|---|---|---|---|
| ५२२।०८१।३।२४ | हाईमस्ट लाईट जडान | नासा कम्पलिट आई टी सोलुसन | ९८५५२३ |
| ४६०।०८१।३।२० | सडक बत्ती | शुभ इलेक्ट्रीकल एण्ड अटोमेशन | ९६७८७८ |

८० **ह्युम पाइप तथा तारपोल खरिद**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९९७,७७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२९२,२१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **८४७,६१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८१ **तराई-मधेश समृद्धि कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५६,८८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८२ **सूर्यपुरा बाटो नाली निर्माण**

ठेक्का नं NCB-10/80-81 सूर्यपुरा बाटो नाली निर्माणका लागि रु. १८७४२६७६।– को लागत अनुमान रहेकोमा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी डाईनामिक कन्स्ट्रक्सनले रु. १२८४३१३५।- मा कबोल गरेकोमा सम्झौता गर्न नआएकोमा दोश्रो घटी कबोल गर्ने निर्माण व्यवसायी पिनाकल ईन्जिनियर्स प्रा.लिसंग २०८१।२।२७ मा रु. १३६४६३१३।– मा २०८२।२।२७ सम्म कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेको पाईयो ।यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

८२.१ **विड बन्ड** - पालिकाले सबै भन्दा घटी अंक कबोल गरेको निर्माण व्यवसायी डाईनामिक कन्स्ट्रकसनले सम्झौता गर्न नआएकोले सार्वजनिक खरिद ऐनको दफा ६३ बमोजिम सम्झौता गर्न नआएकोले मिति २०८१।७।२८ मा च.न.७०२ बाट सार्वजनिक खरिद अनुगमन कार्यालयलाई कालोसूचिमा राख्न सिफारिस गरेको पत्र पेश गरेकोमा हालसम्म निर्माण व्यवसायी कालोसूचीमा परेको प्रमाण पेश भएको छैन । साथै निर्माण व्यवसायीको विड बन्ड जफत वापतको रु. ४५००००।– राजश्व दाखिला नगरी धरौटीमा राखेको देखिएकोले उक्त रकम राजस्व दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

८२.२ **बढी पेश्की** - ठेक्का नं NCB-10/80-81 निर्माण व्यवसायी पिनाकल इन्जिनियर्स प्रा.लि. लाई सम्झौताको दफा SCC 57.1 बमोजिम सम्झौता अंकको ५ प्रतिशत र ५ प्रतिशत गरी १० प्रतिशत सम्म पेश्की दिन सकिने प्रावधान रहेकोमा पालिकाले बढीमा मूअकर बाहेकको सम्झौता रकम रु. ११९४३६३९।– को १० प्रतिशतले हुने रु. ११९४३६३।– पेश्की भुक्तानी दिनुपर्नेमा रु. २७२००००।– पेश्की भुक्तानी गरेकोले बढी पेश्की रु. १५२५६३७।- भुक्तानी गरेको असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,२५,६३७ |

## ८३ भुक्तानी

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले तोकिएको कार्यक्रम भन्दा फरक कार्य खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यससम्बन्धमा पालिकाले कार्यपालिकाबाट निर्णय गरी आवश्यक्ता अनुसार कार्य गरेको जनाएको छ । यसरी खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

| भौ नं।मिति | कार्यक्रम | खर्च विवरण | रकम रु |
|---|---|---|---|
| २८४।०८१।२।३२ | मन्द्रखानी देखी वडा कार्यलय जानेबाटो तथा डोलइदेखी हसनापुर जानेबाटो कालोपत्रे | हेन्डपाईप खरिद र वितरण | १९६०० |
| ३५४।०८१।३।१२ | मन्द्रखानी देखी वडा कार्यलय जानेबाटो तथा डोलइदेखी हसनापुर जानेबाटो कालोपत्रे | हेन्डपाईप खरिद र वितरण | २९४०० |

## ८४ लागत सहभागिता

पालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## ८५ उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी हेर्दा पालिकाले देहाय अनुसारका उपभोक्ता समितिका कार्यमा उपभोक्ताले पेश गरेको मूल्य अभिवृद्धि कर सहितको विल भरपाई भन्दा बढी हुने गरी मूल्य अभिवृद्धि लागत अनुमानमा समावेश गरी मूल्यांकन अनुसार भुक्तानी दिँदा बढी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

| भौ नं मिति | उपभोक्ता समिति | भुक्तानी रु | विवरण | मूल्यांकन अनुसार भुक्तानी भएको मूअकर | पेश भएको मूअकर विल अनुसार | मूअकर बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १२।०८१।३।२० प्रदेश | सूर्यपुरा बुहुमुखी क्याम्पस भवन निर्माण | ९८०००० | ईटाको गारो लगाउने कार्यमा १९३७० ईटा मूल्यांकन अनुसार मूअकरसमेत रु. ३१४०९४।०० भुक्तानी भएकोमा रु . २७३४६०। को विल पेश | ३६१३५ | ३१४६० | ४६७५ |
| १४।०८१।३।२० प्रदेश | जनकल्याण मा.वि. को भवन निर्माण | १९६९८१६ | ईटाको गारो लगाउने कार्यमा १८१२२ को मूल्यांकन अनुसार मूअकरसमेत रु. २९३८५७।०० भुक्तानी भएकोमा रु . २४४०८०। - को विल पेश | ३३८०७ | २८०८० | ५७२७ |
| १९।०८१।३।२० प्रदेश | मदरसा दारुल स्लामिया गैडहवा ५ तुर्कौलिया -भौतिक सुधार | १०००००० | ईटाको गारो लगाउने कार्यमा १३७०४ ईटको मूल्यांकन अनुसार मूअकरसमेत रु. २२२२१७।०० भुक्तानी भएकोमा रु . १७६२८०। को विल पेश | २५५६५ | २०२८० | ५२८५ |
| २३।०८१।३।२० प्रदेश | नवजागृति आ वि गैडहवा २ खडैचवा कम्पाण्डवाल निर्माण | ४८५५०० | ईटाको गारो लगाउने कार्यमा १९०४७ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. ३०८८५७।०० भुक्तानी भएकोमा रु . २४४०८०। - को विल पेश | ३५५३२ | २८०८० | ७४५२ |
| २८।०८१।३।२० प्रदेश | जीवन ज्योति माध्यमिक विद्यालय गैडहवा ७ बिसोरिया रुपन्देही कक्षाकोठा निर्माण | १९४६०४४ | ईटाको गारो लगाउने कार्यमा १८४५८ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. ३००६७५।०० भुक्तानी भएकोमा रु . १७२३५९। - को विल पेश | ३४६०१ | १९८२९ | १४७७२ |
| २९।०८१।३।२१ प्रदेश | ठकुरापुर मलवारमा सामुदायिक सभाहल निर्माण वडा न.७ | ९८००० | ईटाको गारो लगाउने कार्यमा १७७७३ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. २८८१९८।०० भुक्तानी भएकोमा रु . २०३४००। - को विल पेश | ३३१५६ | २३४०० | ९७५६ |
| २८९।०८१।३।४ | कालिका प्रा.बि.कुलोमा कल्भर्ट तथा पि.सि.सि.उ.स. | ६८६००० | ईटाको गारो लगाउने कार्यमा ९६७२ ईटाको | १८०४३ | ११९६५ | ६०७७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मूल्यांकन अनुसार मूअकरसमेत रु. १५६८३६।०० भुक्तानी भएकोमा रु. १००४००५। -को विल पेश | | | |
| ३२।०८१।३। २३ प्रदेश | पोहवा माध्यमिक विद्यालय गैंडाहवा ४ रुपन्देही कक्षाकोठा निर्माण | १९५३५३२ | ईटाको गारो लगाउने कार्यमा १२३५० ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. २००२६१।०० भुक्तानी भएकोमा रु . १३५६००। -को विल पेश | २३०३९ | १५६०० | ७४३९ |
| ३५।०८१।३। २३ प्रदेश | साँडी माध्यमिक विद्यालय गैडहवा १ रुपन्देही कक्षाकोठा निर्माण | १७८२८१६ | ईटाको गारो लगाउने कार्यमा १५९४२ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. २५८५०८।०० भुक्तानी भएकोमा रु . १५६०७६। -को विल पेश | २९७३९ | १७९५५ | ११७८४ |
| ३६।०८१।३। २३ प्रदेश | श्री जन जागृति माध्यमिक विद्यालय | १९९५२९६ | ईटाको गारो लगाउने कार्यमा १४९०५ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. २४१६९२८।०० भुक्तानी भएकोमा रु . १९८४१७। -को विल पेश | २७८०५ | २२८२६ | ४९७८ |
| ३७४।०८१। ३।१३ | मिनमिनहवा धर्मशाला अधुरो पुल रामनगर पि.सि.सि ढलान | ८७३९७३ | ईटाको गारो लगाउने कार्यमा १७२२ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. २७९२३।०० भुक्तानी भएकोमा ईटाको विल पेश नभएको | ३२१२ | ० | ३२१२ |
| २८६।०८१। २।३२ | कानीजवा नागेन्द्र कुर्मीको घर हुदै लोधपुरवा जाने बाटो पि.सि.सि. ढलान | ६८६००० | सिमेन्टको कार्यमा ४११ बोराको मूल्यांकन अनुसार मूअकरसमेत रु. ३०६५२४।०० भुक्तानी भएकोमा रु . २०८४८५ को विल पेश | ३५२६४ | २३९८५ | ११२७९ |
| ३२१।०८१। ३।९ | पोहवा गाउँमा रामनन्नद केवटको घरदेखी कालीमाई अस्थान सम्म पिसिसि ढलान उस | ४७१३३१ | सिमेन्टको कार्यमा २९५ बोराको मूल्यांकन अनुसार मूअकरसमेत रु. २२००११ भुक्तानी भएकोमा रु . १६२७२० को विल पेश | २५३११ | १८७२० | ६५९१ |
| ३७४।०८१। ३।१३ | मिनमिनहवा धर्मशाला अधुरो पुल रामनगर पि.सि.सि ढलान | ८७३९७३ | सिमेन्टको कार्यमा २५४ बोराको मूल्यांकन अनुसार मूअकरसमेत रु. ३०६५२४।०० भुक्तानी भएकोमा रु . २०८४८५ को विल पेश | २१७९३ | ११८५६ | ९९३७ |
| २९।०८१।३। | ठकुरापुर मलवारमा सामुदायिक | ९८००० | सिमेन्टको कार्यमा २४५ बोराको | २१०२१ | ८५३१ | १२४९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २१ प्रदेश | सभाहल निर्माण वडा न.७ | | मूल्यांकन<br>अनुसार मूअकरसमेत रु. १८२७२१।<br>०० भुक्तानी<br>भएकोमा रु . ७४१५६ को विल पेश | | | |
| ३५।०८१।३।<br>२३ प्रदेश | साँडी माध्यमिक विद्यालय<br>गैडहवा १ रुपन्देही कक्षाकोठा<br>निर्माण | १७८२८१६ | सिमेन्टको कार्यमा ३७७ बोराको<br>मूल्यांकन<br>अनुसार मूअकरसमेत रु. २८११६७।<br>०० भुक्तानी<br>भएकोमा रु . १६१०१२ को विल पेश | ३२३४७ | १८५२४ | १३८२३ |
| ५०९ र १२।<br>०८१।३।२३ | सूर्यपुरा पार्क निर्माण | ४९८९५०० | सिमेन्टको कार्यमा ५२६ बोराको<br>मूल्यांकन<br>अनुसार मूअकरसमेत रु. ३९९७४८।<br>०० भुक्तानी<br>भएकोमा रु . ३१३७४४ को विल पेश | ४५९८८ | ३६९५० | ९०३८ |
| ५०९ र १२।<br>०८१।३।२३ | सूर्यपुरा पार्क निर्माण | ४९८९५०० | ईटाको गारो लगाउने कार्यमा<br>४१९४८ ईटाको<br>मूल्यांकन अनुसार मूअकरसमेत रु.<br>६८०२०७।००<br>भुक्तानी भएकोमा रु . ६१९३५३<br>ईटाको विल पेश नभएको | ७८२५३ | ७१२५३ | ७००० |
| | | | | | | १५१३१५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५१,३१५ |

८६ **बोरिङ जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । यस प्रकृतिको जटिल तथा विशेष कार्य सम्बन्धित फर्मबाट गराउनुपर्नेमा उपभोक्ताबाट गराएको छ । त्यसैगरी कृषि तथा पशुपन्छी कार्यक्रम संचालन कार्यविधि, २०८० र स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० मा सिँचाई कार्यक्रम संचालन गर्दा तथा सिँचाई सम्बन्धी सामान, कृषि औजार खरिद उपकरण खरिद गर्दा नियम ७(ग) मा प्राथमिकता क्षेत्र निर्धारण गर्ने, मापदण्ड सूचकको आधारमा अनुदानग्राही छनौट गर्ने, आवश्यक्ताको अनुसार सम्झौता गर्ने, कार्यान्वयन गर्ने गराउने उल्लेख गरिएको छ । साथै सिँचाईको लागि बोरिङ जडान गर्दा निजीको हकम १० कट्ठा र समुदायको हकमा २.५ हेक्टर जमिन सिँचित क्षेत्र हुनुपर्ने उल्लेख गरिएको छ । साथै कार्यविधि बमोजिम उक्त सिँचाई सम्बन्धी औजार वितरणमा कुल लागतको ५० प्रतिशत लागत सहभागिता अनुदानग्राहीले व्यहोर्नुपर्ने उल्लेख भएकोमा संचालित कार्यक्रममा सो अनुसार अनुदान व्यहोर्ने गरी सम्झौता नगरी अन्य उपभोक्ता समिति जस्तै लागत अनुमान तयार गरी कार्य गरेको देखिन्छ । बोरिङ जडानका लागि पालिकाले सूचना प्रकासन गरी छनौट गर्नुपर्नेमा सो नगरी सोझै पालिका, वडाकको निर्णय तथा पदाधिकारीको आदेशमा समेत बोरिङ जडान कार्य गरेको देखिन्छ । नमुना छनौटका आधारमा हेर्दा न्युन लागत सहभागितामा सूचना र छनौट प्रक्रिया वेगर बोरिङ जडान कार्य गराएको नियम सम्मत नदेखिएको रु.

| भौ नं | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | वडा | खर्च | ५० प्रतिशत |
|---|---|---|---|---|
| ४११।०८१।३।१७ | पिपरीटोलमा बोर जडान-६ | पालिका | २४५००० | १२२५०० |
| १३४।०८०।१२।१५ | हरियाली कृषि समूह सिंचाइ बोर जडान | १ | २५८६९० | १२९३४५ |
| ५१।०८०।१२।१५ | सिचाई बोर जडान सडहवा | २ | २४५२५२ | १२२६२६ |
| ४४८।०८१।३।१९ | धनहवा, धुपही र मनवापुर डिप बोर जडान | २ | ८३५७२० | ४१७८६० |
| १२८।०८०।१२।१९ | सिचाई बोर जडान जोगडा उत्तर टोल पडौरा पडौरा गाउँ पच्चिम | | ८२३०३२ | ४११५१६ |
| | जम्मा | | २४०७६९४ | १२०३८४७ |

| | |
|---|---|
| अनियमित भएको | १२,०३,८४७ |

८७ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । कार्यालयबाट पेश भएको विवरण अनुसार यस वर्ष २०६ योजनामा उपभोक्ता समितिबाट कार्य भएको छ ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन ।
- अनुगमन समितिले सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने

आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितिलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

८८ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा केही योजनाको कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

८९ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले हेन्डपाईप जडान कार्यमा पेश भएको विल अनुसारको रकम भुक्तानी गर्ने गरेकोमा देहाय अनुसारका भौचरबाट विल भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| भौ नं | भुक्तानी लिने | | पेश भएको विल | भुक्तानी | बढी |
|---|---|---|---|---|---|
| ५१७।०८१।३।२४ | शिवचरण मुराउ | चिनगुद चमार | १७५१५ | ३८४६४ | २०९४९ |
| | | सोभई धोबी | १०४०० | १४७०० | ४३०० |
| | | चररजित धोबी | १०२८३ | १९६०० | ९३१७ |
| | | सीताराम चमार | १७५१५ | ३३५२० | १६००५ |
| ३७०।०८१।३।१३ | कृष्ण प्रसाद यादव | | १२१४३ | २२२७३ | १०१३० |
| | कानी पासी | | ९५२५ | २४१३२ | १४६०७ |
| | पूजा हरिजन | | १२३१७ | २४१३२ | ११८१५ |
| | मन्नी हरिजन | | ९८३० | २११७७ | ११३४७ |
| | मोहम्मद हनीफ पठान | | २९९४५ | ३७६८९ | ७७४४ |
| | राजमन धोवी | | १०११३ | १६१५२ | ६०३९ |
| | राम पोल चमार | | १४४४७ | ३३०९६ | १८६४९ |
| | राहुल कुमार जैसवाल | | १५३०५ | २८९५९ | १३६५४ |
| | समद फकिर | | ७४६९ | १९३०६ | ११८३७ |
| | जम्मा | | १७६८०७ | ३३३२०० | १५६३९३ |

| असुल गर्नुपर्ने | १,५६,३९३ |
|---|---|

९० **अबन्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष देहाय अनुसारका शिर्षकहरुमा अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजना तथा कार्यक्रममा खर्च गरेको छ। पालिकाले समपुरक कोष सहित विविध योजना परियोजनका लागि अबण्डामा बजेट राखी तोकादेश तथा निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। यससम्बन्धमा पालिकाले समपुरक योजनाका लागि तथा अन्य निर्णयबाट गरेको खर्च छुट्याएको देखिएन । पालिकाले बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई खर्च गर्नुपर्दछ तथा यसरी खर्च गर्ने प्रवृतिलाई नियन्त्रण गर्नुपर्दछ ।

| सि. नं . | कार्यक्रम | बजेट रु. | खर्च रु. |
|---|---|---|---|
| १ | विभिन्न योजना परियोजना संचालन तथा समपुरक परियोजना | २७२१०००० | २३८६६१२८ |
| २ | विभिन्न योजना परियोजना संचालन तथा समपुरक परियोजना | ६२९०००० | ३१६००० |
| ३ | विभिन्न योजना तथा सम्पूरक कोष | ३७५०००० | १८६४०७७ |

यस सम्बन्धमा नमुना छनौट गरी हेर्दा पालिकाले आवश्यक्ता अनुसार कार्यपालिका निर्णय तथा तोकादेश बमोजिम सोझै निर्णय गरी देहायअनुसारको कार्य गरी खर्च गरेको नियमसम्म्त नदेखिएको रु.

| भौ नं . | कार्य | | खर्च रु. |
|---|---|---|---|
| ३५०।०८१।३।१२ | वडा नं. ६ को सिफारिस अनुसार हनुमान मन्दिर दक्षिण तटबन्धन | यादव निर्माण सेवा | ९१६८२५ |
| ३६०।०८१।३।१२ | वडा नं. ६ मा वडाको सिफारिस अनुसार सुर्यपुरा पुल दक्षिण स्पर निर्माण | जय दुर्गा निर्माण सेवा | ९६०३२९ |
| ३६४।०८१।३।१३ | वडा नं. ९ लखनौतिया अधुरो कालोपत्रे | मेसर्स देव कन्सट्रक्सन | ९४५१७७ |
| ४२४।०८१।३।१७ | सानो बगहवा पि.सि.सि ढलान र सानो बरगदवा पोखरवाबारी सानो गैडहवाको र २ न वडा को जोगडिहवा मा तार पोल जडान | ए.पी.कन्स्ट्रक्सन | ९६८०९२ |
| ४९०।०८१।३।२२ | वार्ड न ८ र ९ मा कालोपत्रे | रोयल राप्ती बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि. | ९६१५३२ |
| | | | ४७५१९५५ |

| अनियमित भएको | ४७,५१,९५५ |
|---|---|

९१ **उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका

उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन । उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो । यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको देखिएन । यसतर्फ सुधार हुनुपर्दछ ।

## ९२ फरक सिमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । त्यसैगरी उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले भौ नं १४।०८१। ३।२० बाट जनकल्याण मा.वि.को भवन निर्माणको कार्य गराई मूल्यांकन अनुसार ५०२ बोरा ओ.पि.सि सिमेन्टको भुक्तानी गरेकोमा ४०० बोरा सिमेन्टको विल मात्र पेश भई बाँकी पि.पि.सि सिमेन्टको विल समावेश गरेको छ । सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दरले दररेट विश्लेषण गरेकोमा उपभोक्ताले पि.पि.सि सिमेन्ट प्रयोग गरेको विल पाईएकोले जिल्ला दररेटमा उक्त सिमेन्टको दरमा रु. १०१.७ फरक रहेकोले १०२ बोरा ओपिसि सिमेन्टको मूअकरसमेत रु.१०३७३।- असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३७३ |

## ९३ मू.अ.कर समायोजन

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं।मिति | कार्य | व्यवसायीऽ।फर्म | कर दर्ता नं | विल नं।मिति | रकम | भ्याट | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| ११।०८०।१०। २९ संघ | सुर्यपुरा बहुमुखी क्याम्पस भवन निर्माण | विराट कन्स्ट्रकसन | ६०७४५६२१३ | ३।०८०। १०।१८ | ३०४४२३१ | ३९५७५० | विल नं हातले लेखेको |
| २०।०८१।२।९ | सुर्यपुरा बहुमुखी क्याम्पस भवन निर्माण | विराट कन्स्ट्रकसन | ६०७४५६२१३ | ७।०८१।२। ४ | १४६१८८९ | १९००४५ | विल नं हातले लेखेको |
| १४।०८१।३। २० | जनकल्याण मा.वि. को भवन निर्माण | ओमनाथ निर्माण सामाग्री सप्लायर्स | ६०७२३७०८९ | ८।०८१।२। १९ | ४६८९० | ६०९५ | टिपेक्स लगाएको |
| | सूर्यपुरा पार्क निर्माण | शुभम निर्माण सामाग्री केन्द्र | ३०४७१२२९४ | ४३०।०८१। ३।११ | २१०१५० | २७३१९ | विल नं हातले लेखेको |
| | | | | जम्मा | | ६१९२०९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१९,२०९ |

९४ **सुरक्षित नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यान्वियन कार्यविधि, २०७५ अनुसार छनौटको आधार तथा पहिचान यकिन गरी लाभग्राही छनौट गर्नुपर्ने र छनौट भएका लाभग्राहीलाई अनुदान दिनुपर्ने व्यवस्था रहेको छ । उक्त कार्यक्रम अनुसारको अनुदान दिनका लागि कार्यविधि अनुसारको अनुसूची प्रयोग गरी लाभग्राही छनौट गर्नुपर्ने र लाभग्राहीलाई प्रथम किस्ता वापत ६० प्रतिशत र कार्यसम्पन्न भए पश्चात बाँकी ४० प्रतिशत भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त रकम पालिकाले लाभग्राहीको खातामा भुक्तानी गर्नुपर्नेमा सो नगरी उपभोक्ता समिति तथा आपूर्तिकर्तालाई भुक्तानी दिएको छ । पालिकाका लागि यस कार्यक्रम अन्तर्गत ५२३ जना लाभग्राहीका लागि अनुदान दिने कार्यक्रम स्वीकृत रहेकोमा पालिकाबाट उक्त छनौट भएको लाभग्राहीको नामावली पेश भएन । पालिकाले यस वर्ष कार्यविधि अनुसार लाभग्राही छनौट नगरी वडाहरुबाट उपभोक्ता समिति मार्फत कार्य गराई उपभोक्ता समिति तथा आपूर्तिकर्तालाई समेत गरी विनियोजन भएको रु. ४२ लाख मध्ये रु. ४१२६२५८।– भुक्तानी गरेको छ । उपभोक्ता समितिलाई भुक्तानी दिँदाको स्रेस्तामा केही उपभोक्ता समिति अन्तर्गतका छनौट लाभग्राहीको घर वा छानाको निर्माण हुनु भन्दा अगाडिको फोटो समेत राखेको देखिएन । त्यसैगरी केही निर्माण आवास नभई बारी, खेत तथा अन्य क्षेत्रहरुमा टहरा निर्माण गरेको देखिएकोले कार्यविधि अनुसारको कार्य भएको भन्न सकिने अवस्था छैन । कतिपय स्रेस्तामा कागजात तथा फारम प्रमाणित नभएको, फोटो पनि नभएको तथा लाभग्राही अनुसारको कागजात आंशिक रुपमा मात्र रहेको छ । पालिकाले सुरक्षित नागरिक आवास कार्यान्वन सम्बन्धमा तोकिए बमोजिमको फर्मेट अनुसार प्रगति समेत तयार नगरेकोले हाल सम्म के कति लाभग्राहीले अनुदान पाईसकेको सम्बन्धमा समेत विवरण प्राप्त भएन तथा यस सम्बन्धमा पालिकाले कुनै पनि अभिलेख राखेको देखिएन । यसरी कार्यविधि अनुसार लाभग्राही छनौट नगरेको, लाभग्राहीको खातामा भुक्तानी नगरेको, तोकिए अनुसारको निर्माण कार्य नगरी यसरी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| भौ नं मिति | उपभोक्ता समिति | भुक्तानी भएको | भुक्तानी रु | |
|---|---|---|---|---|
| २४।०८१।२।३१ | सुरक्षित नागरिक आवास कार्यक्रम वडा नं. ५ | उपभोक्ता समिति | ३८६००२ | ८ जना |
| ३०।०८१।३।१८ | सुरक्षित नागरिक आवास कार्यक्रम गैडहवा-३ | उपभोक्ता समिति | ३९२००० | ८ जना |
| ३१।०८१।३।१८ | वडा नं ८ | नोमा कुमारी विश्वकर्मा सुनार | ५०००० | १ जना |
| ३२।०८१।३।१८ | वडा नं ८ | शभम् निर्माण सामाग्री केन्द्र | ४३८७१६ | ९ जना |
| ३३।०८१।३।१९ | सुरक्षित नागरिक आवास कार्यक्रम उ.स-४ | उपभोक्ता समिति | ३९९०२० | ८ जना |
| ३४।०८१।३।१९ | जनता आवास कार्यक्रम उ.स-६ | उपभोक्ता समिति | ४००००० | ८ जना |
| ३५।०८१।३।२० | वडा नं ५ | श्री कृष्ण हार्डवेयर एण्ड मेसिनरि स्टोर | ३००००० | ७ जना |
| ३६।०८१।३।२१ | वडा नं २ | शुभम् निर्माण सामाग्री केन्द्र | ३९२००० | ७ जना |
| ३७।०८१।३।२८ | सुरक्षित नागरिक आवास कार्यक्रम समिति-७ | उपभोक्ता समिति | ३८९४९१ | ८ जना |
| ३८।०८१।३।२२ | वडा नं ६ | शुभम् निर्माण सामाग्री केन्द्र | ९८००० | २ जना |
| ३९।०८१।३।२८ | सुरक्षित नागरिक आवास कार्यक्रम उ.स-९ | उपभोक्ता समिति | ४४००२९ | ९ जना |
| ४२।०८१।३।२३ | वडा नं १ | शुभम् निर्माण सामाग्री केन्द्र | ४४१००० | ९ जना |
| | जम्मा | | ४१२६२५८ | |

| अनियमित भएको | ४१,२६,२५८ |
|---|---|

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | तुल्सिहवा ताल - गैडहवा गाउँपालिकाले मिति २०८०।७।२० गते प्रथम पटक सूचना प्रकाशन गरी माछापालन गर्ने प्रयोजनले ५ वर्षे योजनाकोलागि भनेर घेरहवा तालको दरभाउ पत्र आव्हान गरेको पाईयो । सोही तालका लागि भनेर रु. ३७१६९४७ (भ्याट बाहेक) को न्युनतम कवोल अंक राखी सुचना प्रकाशन गरेकोमा अधिकतम कवोल अंक रु. ४२००१५१ को ब्लु विल्डर्स कन्सट्रक्सनलाई छनौट गरी ठेक्का स्विकृत गरियो । सोही कन्स्ट्रक्सनले प्रथम किस्ता वापत बुझाउनुपर्ने रकम रु. १११५०८४ (भ्याट बाहेक) बुझाइसकेको तर पालिकाले मिति २०८०।९।५ को चलानी नं. ९०२ मार्फत संझौता गर्न आउन भनि पत्र लेख्दा समेत बोलपत्रदाता सम्झौता गर्न नआई संझौता र कायदिश वेगर ठेक्का आरम्भ गरेको पालिकाले जनाएको छ । यसरी संझौता र कार्यदिशा वेगर आयठेक्का संचालन भइरहेकोले उक्त ठेकेदारसंग सम्झौता गरी सम्झौता अनुसारको रकम असुल गर्नुपर्दछ। | 0.00 |
| २ | प्याड वितरण - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले यस वर्ष १८५०० प्याकेट सेनेटरी प्याड रु.१८लाख १८ हजार ७३५ मा खरिद गरेको छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि पालिकाले खरिद गरिएका प्याडहरु २२ विद्यालयमा २०८१ भाद्रमा एकैपटक १६१६७ प्याकेट हस्तान्तरण गरेको छ भने २३३३ प्याकेट स्टोर बाँकी रहेको पाइयो। विद्यालयले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्न सक्ने वा नसक्ने अवस्थाको आंकलन नगरी हस्तान्तरण गरेको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तर ह्रास नआउने गरी भण्डारण क्षमता विश्लेषण गरेर मात्र प्याड खरिद तथा हस्तान्तरण गर्नु पर्दछ। साथै पालिकाले सेनेटरी प्याडको वितरण अवस्थाको अनुगमन गरेको छैन । विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकेन । यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ । | 0.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गैडहवा गाउँपालिका, रुपन्देही , गैडहवा गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shreeprasad Gautam | २०८०-१-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | yam kant paudel | २०७७-९-१२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,१६९,१९१ | २७,०५४,२५० | १३,८८७,४२१ | ० | ० | २,०९३,९७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४८,२०४,८३९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १०,९४७,९८४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३७,२५६,८५५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५५८३९६९१.३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६०४००२२११.८५ | चालु खर्च | ३२९३६६२८५.५८ |
| प्रदेश सरकारबाट अनुदान | ३८८७९८३५ | पूँजीगत खर्च | १८६०३३९६४.९ |
| राजश्व बाँडफाँट | १०८७५३३२९.४३ | वित्तीय/अन्य व्यवस्था | २८८९१४६२०.६७ |
| आन्तरिक आय | ३४७७४५४७ | | |
| अन्य आय | २२६२२६७६.११ | | |
| कुल आय | ८०९०३२५९९.३९ | कुल खर्च | ८०४३१४८७१.१५ |
| बाँकी मौज्दात | | ६०५५७४१९.५४ | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धितमार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ ।अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ ।यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण बेहोरा कार्यान्वयन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- गाउँपालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । गाउँपालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।